*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६१

नेपाल सम्बत् ११३७

इस्वी सम्बत् २०१७

बिक्रम सम्बत् २०७४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**7th AUG 2017**

| वर्ष- ३५ | अङ्क- ४ | गुंपुन्हि | श्रावण २०७४ |
|---|---|---|---|




अहिले तिमी पहेँलो पात जस्तो भइसक्यौ। यमदूतहरू तिम्रो सामने खडा छन् । विनाशको खुड्किलामा खडा छौ। तर अहिलेसम्म पनि तिमीसंग बाटो खर्च छैन ।

त्यसकारण तिमीले चाँडै कोशिस गरी पण्डित बन र आफ्नो रक्षास्थान स्वरूपको द्वीप बनाऊ । मल रहित, काम रहित होऊ । अनि दिव्य आर्यहरूको पदमा पुग्नेछौ ।

सुनारले अलि-अलि गरेर चाँदीको कसर निखारे झैं मेधावी पण्डितले पनि अलि-अलि गरी क्रमशः आफ्नो चित्तमल निखार्नु पर्छ ।

जसरी फलामबाट निस्केको खियाले फलामलाई नै खान्छ, त्यसरी नै केवल सदाचारको उल्लंघन गर्ने व्यक्तिलाई उसको कर्मले उसलाई नै दुर्गतीमा पुऱ्याउँछ ।


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# परिवार धन

भगवान् बुद्धले ४५ वर्ष सम्म दिनुभएको उपदेशको संगालोमा गृहस्थ जीवन बिताइरहेका गृहस्थीहरूको परिवारका सदस्यहरू इमान्दार, कर्त्तव्यवान् र सदाचारयुक्त हुनुपर्ने विषयमा धेरै ज्ञानहरू दिनुभएको छ। समाज भनेको परिवारको समूह हो । त्यसैले समाजमा शान्तिको लागि परिवार गतिलो हुनु आवश्यक छ। एक परिवारमा आमा-बुबा, छोरा-छोरी, बुहारी, नाती नातिनाहरू समावेश भएको हुन्छ। परिवार गतिलो बन्नको लागि खानपिन, रहनसहन सबै अनुकुल हुन अत्यावश्यक हुन्छ । त्यतिमात्र होइन परिवारका सदस्यहरू बिच विचारधारा पनि मिल्न अत्यावश्यक छ। तर आजभोली धेरै जसो परिवारका सदस्यहरू बिच मनमुताव चलिरहेको देखिन्छ। त्यसको प्रमुख कारण बिवाह पश्चात् दाजुभाईहरू बिचको आपसी बैमनस्यता, स्वार्थ प्रवृति, धन सम्पत्तिको लालच, मैत्री भावको अभाव ।

यी नराम्रा भावनाहरू हटाउनको लागि हामीले तल उल्लेखित ज्ञानहरूलाई ध्यान दिन आवश्यक देखिन्छ–

(१) **धन–**

परिवारभित्र सबै सदस्यहरू सक्रिय भई धन कमाउनको लागि मेहनती बन्नु पर्दछ । इमान्दारीपूर्वक आ-आफ्नो कर्त्तव्य पालन गरी विश्वास पात्र बन्न सक्नु पर्दछ । त्यसपछि परिवारका सदस्यहरूबिच न्यायपूर्वक अंश वण्डा पनि हुनुपर्दछ ।

(२) **शील–**

परिवारका सदस्यहरूको चरित्र राम्रो हुनु पर्दछ । अर्को शब्दमा भन्ने हो भने परिवारका सदस्यहरू बिच परस्पर एकता, मेलमिलाप, मैत्रीपूर्ण व्यवहार हुनु अति आवश्यक छ। एकता र मेलमिलाप हुन सकेन भने एक आपसमा विश्वास हट्दै जान्छ। अनि काममा ध्यान नजाने र कर्त्तव्यपालनमा फितलोपना आउने हुन्छ । त्यसैले परिवारका सदस्यहरू बिच इमान्दार विश्वासपात्र र सदाचार बन्ने राम्रो बानी व्यवहारको खाँचो रहेको हुन्छ ।

(३) **आरोग्य–**

आरोग्या परमा लाभा" । यस बुद्ध वचनले भनिरहेको छ, निरोगी बन्न सक्नु नै ठूलो लाभ हो । निरोगी बन्नको लागि परिवार भित्र सृजना हुने मनमुतावको प्रमुख कारण दुषित भावनालाई हटाउन सक्नु पर्दछ। किनभने नराम्रो स्वार्थ भावना र दुषित विचारधाराको कारणले हाम्रो शरीरमा प्रतिकुल प्रभाव पारिरहेको हुन्छ। यसले हामीलाई विरामी पार्ने धेरै सम्भावना रहेको हुन्छ । विरामी पर्नु जस्तो ठूलो दुःख अरू छैन । आफूलाई पनि दुःख,अरूलाई पनि दुःख ।

विरामी पर्नुको अर्को कारण पौष्टिक र उचित खाना प्राप्त नहुनु पनि हो। संयुक्त परिवारमा यस विषयमा ध्यान पुऱ्याउन नसकिरहेको पनि हुन सक्छ ।

यसको साथै ऋतु अनुसारको रहनसहन नभएको कारणले पनि विरामी पर्न सक्छ ।

(४) **सफा सुग्धर–**

निरोगी बन्नको लागि सफा सुग्धरको पनि अत्यावश्यक छ। सबभन्दा प्रमुख त मन र शरीर शुद्ध हुनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

**५) अऋणी–**

ऋणबाट मुक्त हुन सक्नु नै पारिवारिक सुखको मूल श्रोत हो । तैपनि ऋण लिन वाध्य भइरहेको हुन्छ । ऋणी बन्नुपर्ने कारणहरू यसरी रहेका छन–

– परिवार पालन पोषण ।

– समाजमा रहँदा चलाउनु पर्ने गुठी ।

– घर निर्माण ।

– व्यापार व्यवसाय चलाउन आदि ।

यी विभिन्न कारणहरूले गर्दा बाध्य भई ऋण लिएर उक्त ऋण चुक्ता गर्न नसकेसम्म ऋणीले मनको सुख प्राप्त गर्न सकिरहेको हुँदैन ।

त्यसैले यी दुःखहरूबाट मुक्ती प्राप्त गर्नको लागि पारिवारिक एकता, सद्आचरण, उत्साह र मेहनत पूर्वक कमाउने, विश्वास पात्र र इमान्दार बन्ने जस्तो अमूल्य गुणहरू हुनु पर्दछ । अनिमात्र हाम्रो जीवन सुखमय बन्ने छ । यसलाई नै पारिवारिक धन भनिन्छ ।


## धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू

*क्र.सं. ८६८*

**प्रमोद कुमार श्रेष्ठ**
नरदेबी, काठमाडौं
रू. २,०००/–

*क्र.सं. ८६९*

**भगवान प्रसाद श्रेष्ठ**
बबरमहल, काठमाडौं
रू. २,०५०/–



## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रु. १०००/-
२) गणेश मान, (पोष्टकारी दाता) भक्तपुर, रु. ५०५/-
३) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि रु. ५००/-
४) राकेश शाक्य, बनेपा रु. ५००/-
५) प्रेमज्योती शाक्य, बनेपा रु. ५००/-
६) बुध्दभक्त रञ्जित, बनेपा रु. ५००/-
७) तुयूलक्ष्मी, अशोकरत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान ।
८) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट प्रत्येक बालिकाहरूलाई छाता प्रदान ।
९) धर्मकीर्ति ज्ञानमाला भजन खलःबाट भन्तेहरू तथा बालिकाहरूलाइ भोजन प्रदान ।

**❀ आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :**

१) भगवान प्रसाद श्रेष्ठ, श्रीमती विन्दा श्रेष्ठ, बबरमहल, दुबैजनाको जन्मदिनको उपलक्ष्यमा रु. २०,०४५/-
२) विजय मान सिंह तुलाधर, अजय मान सिंह तुलाधर तथा न्यू नेपाल प्रेस परिवार, १४२ मनकामनामार्ग, नागपोखरी, नक्सालबाट दि. बहिनी नबिना तुलाधरको पुण्यस्मृतिमा रु. १५,०००/-
३) अन्नपूर्ण तुलाधर, १४२ मनकामनामार्ग, नागपोखरी, नक्सालबाट विजय मान सिंह तुलाधरको जन्मदिनको उपलक्ष्यमा रु. १५,०००/-



Downloaded from http://www.dhamma.digital

# मनको विकारबाट विमुक्ति कसरी पाइन्छ ?

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

(पूज्य गुरु श्री सत्यनारायण गोयन्काजीद्वारा “रमावाई आंबेडकर गर्ल्स हाई स्कूल” मा दिनु भएको प्रवचन)

नासिक धर्म भूमिका नागरिकहरू, धर्म प्रेमी सज्जन तथा सन्नारीहरू !

धर्म के हो भन्ने बारे थाहा पायौं। धर्मको नाऊँमा कति धेरै भ्रम थियो, मानिसहरू यसैमा कति अल्झिरहन्छन्। आफ्नो जीवनको सारा समय यसैमा अल्झिएर, धोखा खाएर बिताउँछन्, आफूलाई खूब धर्मवान् ठान्दछन्।

भिन्न भिन्न परम्पराका आ-आफ्ना पर्व-उत्सव, त्यौहार, व्रत, उपवास, कर्म-काण्ड, भेष-भूषा र आ-आफ्ना अलग-अलग दार्शनिक मान्यताहरू हुन्छन्। तर यसको र धर्मको बिचमा कुनै पनि सम्बन्ध नै छैन। तर पनि हामी ती काम गरेर धर्म गरेको ठान्दछौं। आफूलाई धर्मवान् भएको मान्दछौं। धर्म भनेको शुद्ध चित्तद्वारा गरिने आचरण भन्ने कुरा मानव जातिहरू धेरै पहिलादेखि नै जान्दै आएको कुरा हो। तब यो कुरा स्पष्ट छ कि यदि मेरो चित्त शुद्ध छैन, मेरो आचरण शुद्ध छैन भने, आफूलाई धार्मिक कसरी भन्ने ? केवल अनेक कर्मकाण्ड गर्दैमा धार्मिक कसरी बन्दछ ? यस्तो लुगा लगाउनाले, त्यस्तो त्यौहार मनाउँदैमा, यस्तो पर्व उत्सव मनाउँदैमा अथवा कुनै दार्शनिक मान्यता मान्दैमा कोही ब्यक्ति धार्मिक कसरी बन्दछ ? मनको विकार त अलिकति पनि निस्केको छैन।

मनमा राग, द्वेष, ईर्ष्या, अहंकार, वासना, भय जस्ता विकारहरू जाग्दछ। मनमा भिन्न-भिन्न प्रकारका विकारहरू जागेको छ ती विकारहरूका कारण आफ्नो मनको समता हराएको हुन्छ, मनको समता बिग्रिएको हुन्छ, मनको शान्ति हराएको हुन्छ, मनको सुख हराएको हुन्छ। केही छिनको लागि मनलाई कुनै कुरामा लगाएर माथि-माथिबाट मन शान्त भयो भन्ने भ्रममा पर्दछ। वास्तवमा त्यो असली शान्ति होइन। जबसम्म यी विकारहरूको संग्रह लिएर बाँचिरहन्छौं तब अवसर आउने बितिक्कै कुनै न कुनै विकार उम्केर आउँछ र हामीलाई ब्याकुल बनाईराख्छ। यस कुराले आफूलाई कमजोर पार्नु पर्ने कुनै कारण नै छैन। केवल सत्यलाई स्वीकार गर्नु कि, धार्मिक हुन सकेको छैन। त्यसैले ती बिकारहरूबाट कसरी मुक्त हुन सकिन्छ ? यस विषयमा सोच्नु पर्छ। विकारबाट मुक्त नभई धार्मिक हुँदैन। जति-जति विकार बाट मुक्त भयो त्यति-त्यति धर्मवान बन्यो यही नै धर्मवान हो-होइन नाप्ने तरिका हो। यहाँ धर्मको नाममा धोखा रहेन। तब आ-आफ्नो समाजको परम्परा अनुसार चाडपर्व-उत्सव मनाउनु, यी सबै पारिवारिक र सामाजिक रमाइलोको लागि हो, गर्नुपर्छ यसमा नराम्रो कुनै कुरा छैन। तर आफ्नो मनमा, मनको स्वभावमा फरक परेको छ-छैन जाँच्नु पर्छ, आफ्नो मनमा क्रोध कम भएको छ-छैन, आफ्नो द्वेष, आसक्ति, वासना, अहंकार, ममकार कम भएको छ-छैन जाँच्नु पर्छ।

जति-जति विकारहरू कम भयो त्यति-त्यति नै धार्मिक भयो, दुःखबाट मुक्त भयो। अब पुरानो परम्परा र मान्यता अनुसार धर्मको लक्षण भनेको आफूमा अशान्ति कम हुनु, जुनसुकै परिस्थितिमा पनि दुःखी नहुनु, वेचैनी नहुनु हो। उज्यालोको साथ साथै अध्याँरो पनि हुनु भनेको असम्भव कुरा हो, यस्तो त हुनै सक्दैन। उज्यालो आउने बित्तिक्कै अँध्यारो आफै हट्छ। त्यसलाई पठाउन केही गर्नु नै पर्दैन। त्यस्तै धर्म आयो भने बेचैनी पनि आफै जान्छ, अशान्ति, दुःख आफै जान्छ। यो धार्मिक छ-छैन जाँच्ने एउटा मापदण्ड हो।

जुन दिन आफूलाई यस मापदण्डको आधारमा तौलिन सिक्छ त्यस दिनदेखि अन्य सारा सामाजिक कर्म-काण्ड गर्दा अथवा नगर्दा एउटै कुरा मनमा लाग्छ कि मलाई मेरो मनको विकार हटाउनु छ। केवल मनको माथिल्लो तहको विकार होइन अन्तर्मनको गहराईसम्म जुन विकारको संग्रह छ त्यसलाई हटाउनु छ। हाम्रो मनको स्वभाव नै यस्तै भईसक्यो कि अलिकति सुखद् अनुभूति भयो कि आसक्ति जाग्यो, राग नै राग अथवा अलिकति दुःखद् अनुभूति भयो कि द्वेष, दुर्भावना नै दुर्भावना जगाउँछौं। राग जगायौं भने आसक्ति हुन्छ, द्वेष जगायौं भने दुर्भावना उत्पन्न हुन्छ, यस्तो अवस्थामा चित्तको आफ्नो समता सन्तुलनमा हुँदैन। चित्तको सन्तुलन बिग्रिने बित्तिक्कै ब्याकुल हुन्छ, यो प्रकृतिको नियम हो। यदि कसैको चित्तको सन्तुलन बिग्रियो अथवा मनमा विकार जाग्यो भने अनुभव हुनेछ कि भित्र के भयो, यस्तो अवस्थामा भित्र के भयो हेर्न बिर्सिएको हुन्छ। भित्र हेरे पनि के हेर्ने यो कुरा सिक्नु पर्छ।



Downloaded from http://www.dhamma.digital

भित्र हेर्न सिके पछि थाहा हुन्छ कि विकार जागे पछि ब्याकुलता बढ्नेछ, विकार जाग्यो भने दुःख हुनेछ। धर्मको कुरा त धेरै टाढाको भयो। अब यी विकारहरूबाट मुक्ति कसरी हुने, प्रयत्न यस्को गर्नुपर्छ। हाम्रो मनको एउटा स्वभाव यस्तो भईसक्यो कि त्यसलाई बदल्न अब धेरै गाह्रो भयो, अलिकति नमिल्दो कुरा भयो कि चसक्क हुने, आफूले चाहेको जस्तो भएन कि ठुसुक्क हुने स्वभाव यसलाई बदल्नु त धेरै गाह्रो भयो। तै पनि आफूलाई धार्मिक मानिरहन्छ। किनकि आज बिहान मैले यस्तो कर्मकाण्ड गरेको थिएँ, मैले यस्तो भेषभूषा लगाएको थिएँ त्यसैले म धार्मिक हुँ। आफू भित्र धर्मको नामनिसान नभए पनि यस्तो चाड-पर्व मनाएकोले आफू धर्मवान, त्यस्तो त्यौहार मनाएकोले धर्मवान् भनि ठान्दछन्। त्यस्तै मेरो यस्तो दार्शनिक मान्यता यो मान्ने ब्यक्ति धार्मिक त्यस्तो नमान्ने ब्यक्ति अत्यन्त अधार्मिक।

हामीले धर्मलाई जाँच्ने मापदण्ड कस्तो बनायौं ? धर्मको बारेमा सोच्न नै छाड्यौं, सही दिशामा सोच्न नै छाड्यौं। धर्मको नाममा के के मात्र गरिंदैन। धर्म गऱ्यौं तर सुख शान्ति भएन, धर्म गऱ्यौं तर ब्याकुलता बढ्यो, दिक्दारी बढ्यो भने त्यो धर्म होइन भनेर बुझ्नु पर्छ। धर्मको नाममा धोखा हो। सारा मानिसहरूको एउटै स्वभाव हुन्छ कि विकार जाग्यो भने ब्याकुल हुन्छ। विकारबाट मुक्ति भयो भने सुखी हुन्छ, शान्ति हुन्छ यो कुरा त सबैमा लागु हुन्छ। सबैमा लागु हुने कुरा नै धर्म हो, धर्म सबैको हो। सबैका कर्मकाण्ड, दार्शनिक मान्यता फरक-फरक छन्, त्यसमा विरोध गर्नु छैन, त्यसमा झगडा गर्नु छैन। तर धर्म कहाँ छ ? आफूमा धर्म आयो कि आएन त्यो थाहा पाउनु पर्छ।

रोगी ब्यक्तिले सबै भन्दा पहिला आफू रोगबाट कसरी मुक्त होऊँ भन्ने सोच्दछ। रोगको कारण धेरै ब्याकुल हुन्छ, धेरै दुःखी हुन्छ। त्यसैले कोही आएर रोगको कारण बताई दिउन्, कोहीले रोगको औषधी ल्याइदिउन् जुन खाएर रोगबाट मुक्त हुन सकुन्। यस्तो सोच्दा सोच्दै पनि यदि कसैले औषधि ल्याइदिए पनि खान मानेन भने रोगबाट कसरी मुक्त हुनसक्छ। रोग निको हुने कुनै उपचार नै गरेन अन्य अनेक कुरा गरिरह्यो भने रोगबाट कसरी मुक्त हुन्छ ? रोगबाट मुक्त हुने उपाय गर्नु पऱ्यो, रोगी भएर पनि उपचार गर्न चाहेन भने यो भन्दा ठूलो दुर्भाग्य के को होला ?

त्यस्तै धर्मको चर्चा खूब गऱ्यो, धर्मको खूब प्रशंसा गऱ्यो, ठू-ठूलो उपदेश दियो-भाषण दियो तर धर्म धारण गरेन भने ठूलो दुर्भाग्य भयो। एक जना तिर्खाएको ब्यक्ति, आफ्नो घाँटी सुकिसक्यो सँगै पानी भएको करूवा छ तर पानीको प्रशंसा मात्रै गरिरह्यो पानी पिएन भने के गर्ने ? पानीको महानता गाएर के गर्ने, त्यो जस्तो अभागी मान्छे अरू को हुन्छ ? त्यस्तै भोकले चूर भएको ब्यक्ति छ तर सँगै राखेको खाना नखाई केवल खानाको तारिफ मात्र गरिरह्यो, मेरो परम्परामा यस्तो खान पाईन्छ, यस्तो पौष्टिक हुन्छ, यस्तो स्वादिष्ट हुन्छ। यदि उसले खाना नै खाएन भने ऊ भन्दा दुर्भाग्य ब्यक्ति अरू को हुन्छ ?

रोगी ब्यक्ति रोगको कारण ब्याकुल हुन्छ। औषधि भएर पनि औषधिको बयान मात्र गरिरह्यो, डाक्टरको बयान मात्र गरिरह्यो औषधि खाएन भने के गर्ने ? यो भन्दा ठूलो अभागी अरू को हुनसक्ला?

प्रत्येक ब्यक्तिले यही सोच्नु पर्छ कि मलाई यो रोगबाट बाहिर निस्किनु पर्छ, रोग निको पार्नु पर्छ। त्यस्तै गरि यो हामी पछिको जुन भव रोग छ ब्याकुल हुने रोगबाट बाहिर निस्किनु पर्छ। यसको लागि केही प्रयास त गर्नै पऱ्यो अब प्रयास त उही गर्ने कि मनमा जम्मा भएको फोहोर कसरी हटाउने र मनमा फोहोर कसरी आउन नदिने ? यसको लागि हाम्रो मनको जुन पुरानो स्वभाव छ त्यसैलाई बदल्नु पर्छ। पुरानो स्वभाव अनुसार त हाम्रो मनले केवल विकार जम्मा गर्नु मात्रै जानेको छ, बिकार जम्मा गर्ने नै उनको स्वभाव भईसकेको छ, यस स्वभावलाई कसरी हटाउने यही सिक्नु छ, मनलाई तह लगाउनु छ। अरू हजार कुराहरू छन् ती त्यत्तिको महत्त्वको कुरा भएन जस्तो समाजमा बस्नु पर्छ, रितिथिति मान्नु छ, परिवारमा बस्नु पर्छ, नियम अनुसार चल्नुछ, रमाइलो गर्नुछ, ठीक छ, ती सबै गरूँला। तर मूख्य कुरा आफ्नो विकारबाट कसरी मुक्त हुने, यो सबै भन्दा महत्त्वपूर्ण कुरा हो।

अब एउटा बाटो त खुल्यो कि कर्मकाण्ड गर्नाले मलाई पुण्य लाभ हुन्छ भन्ने जुन गलत मान्यता थियो त्यसबाट अलग रहेर हेर्न त सिकियो मनमा विकार भईकन म धार्मिक हुँ भन्ने भ्रमबाट बाहिर निस्किन त सकियो। आफू भित्रको विकार जति जति निस्कियो त्यति त्यति धार्मिक बन्दै जान्छ। एकजना ब्यक्ति बिहान देखि बेलुकीसम्म कति पटक धार्मिक बन्दछ र कति पटक



Downloaded from http://www.dhamma.digital

अधार्मिक बन्दछ । जब-जब विकार जाग्यो तब-तब अधार्मिक र जब-जब बिकार हट्यो तब-तब धार्मिक । जति जति कम बिकार जाग्यो त्यति त्यति नै अधार्मिक हुनु पनि कम-कम हुन्छ । विकार जाग्दै जागेन भने अलिकति पनि अधार्मिक भएन धार्मिक नै धार्मिक भयो ।

जसरी औषधि खाएर आफ्नो रोग कम भएको छ कि छैन भन्ने जाँच्छौं । कति कम भयो अथवा रोगको जरासम्म निको भयो भएन जाँच्छौं, त्यसै गरि मुक्ति प्राप्त गर्नु छ, विकार कति निस्कियो, दु:खबाट मुक्ति पायो पाएन जाँच्छौं र यसै मार्गमा अघि बढ्दै जाँदा भव दु:खबाट मुक्ति पनि प्राप्त हुनेछ ।

मनको विकारलाई कसरी निकाल्ने ? मन मैलो छ भने त्यसलाई कसरी सफा गर्ने ? मैलो त मनमा छ, अब बाहिर यस्तो कर्मकाण्ड गरेर त्यस्तो कर्मकाण्ड गरेर मनको मैलो पखालियो भन्ने ठानिन्छ । मैलो त भित्र छ, त्यसैले सफाई पनि भित्रै गर्नुपर्‍यो । यस्को लागि मन भित्र हेर्ने कोशिश गर्नु पर्‍यो । यात्रा भित्रको गर्नु पर्‍यो, भित्र गएर हेर्नु पर्‍यो । मन मैलो कसरी हुन्छ, मनमा विकार कसरी जाग्छ, त्यसको सम्वर्द्धन कसरी हुन्छ ? यी कुरा थाहा भएपछि नै कसरी विकार हटाउने भन्ने सिकिन्छ । मानौं कुनै कोठा एकदम फोहोर छ, त्यसको सफा गर्नु पर्‍यो । तर जुन कोठाको सफा गर्नुछ त्यस कोठामा नै गएन भने, बाहिर-बाहिर त धेरै सफा गरियो तर त्यस कोठा भित्र सफाई गरेन भने चाहेर मात्र त काम बन्दैन ।

त्यहाँ पुग्नु पर्‍यो । अन्तरमनको गहिराईमा जहाँ विकारको संग्रह छ, जहाँबाट विकारको उब्जनी हुन्छ, जहाँ विकार उत्पन्न गर्ने मनको स्वभाव छ त्यसलाई तहलगाउनु पर्‍यो । त्यो पुरानो स्वभावलाई उल्टाउने अभ्यास गर्नु पर्‍यो, मिहिनत गर्नुपर्‍यो । यस्तो काम कसैको कृपाले कसैको आश गरेर हुँदैन । उनले त मलाई कृपा गरेर मुक्त गरिदिन्छ, दु:खबाट पार गरिदिन्छ । यस्तो सोचिरह्यो भने सारा जीवन यसै आशमा बितिन्छ । यस्तो कसरी हुनसक्छ, अलिकति बुद्धी लगाएर हेर्नु, पर्‍यो, विकार हटाउनु छ भने त्यो कहाँबाट उत्पन्न हुन्छ यसको जानकारी हुनु पर्‍यो । विकारको सम्वर्द्धन कहाँ हुन्छ ? थाहा पाउनु पर्‍यो तब नै मार्ग प्राप्त हुन्छ अन्यथा फेरि धोखा नै हुन्छ । यस धोखाबाट बाहिर आउन सकिन्छ ।

यो एउटा अत्यन्त पुरानो विद्या, हजारौं वर्ष पुरानो परम्परा दु:खबाट मुक्त हुनको लागि जाग्छ, सदियौं वर्षसम्म चल्दछ, मानिसहरू लाभ लिन्छन् । फेरि त्यस्तै मानिसहरूको हातमा पर्दछ, यसमा अनेक कर्मकाण्ड जोडियो, कुनै दार्शनिक मान्यता थपियो, व्रत-उपवास जोडियो र मन पनि सफा गर्नु भनियो । तर पछि हुँदा हुँदा यो पनि गर्नु ऊ पनि गर्नु, ती प्रमुख हुँदै गयो, मन सफा गर्ने काम पछि पर्दै गयो । किनकि ती काम गर्नु सजिलो छ मन सफा गर्ने काम गाह्रो छ । कर्म-काण्ड गर्नु सजिलो छ, भेष-भूषा फेर्नु पनि सजिलो छ, कुनै मान्यतालाई मान्नु धेरै सजिलो छ तर मनलाई भित्र हेरेर निर्मल गर्ने काम ज्यादै कठिन छ । यसरी विस्तारै विस्तारै यो मन निर्मल गर्ने काम हराउँदै गयो, लुप्त हुँदै गयो र बाहिरी कुरा, माथि-माथिका कुरा मात्र बाँकी रह्यो । भारतको महाराष्ट्र प्रदेश, यस विद्याको ठूलो केन्द्र थियो, एक समय यो क्षेत्र विदेशसम्म फैलिएको थियो । यस क्षेत्रका घर-घरमा यो विद्या फैलियो, मानिसहरूलाई यसबाट अत्यन्त लाभ भयो । हामीले पहिला पनि चर्चा गरिसक्यौं कि २६०० वर्ष पहिले यो विद्या कसरी पलायो र पछि यत्रतत्र फैलिंदै गयो । भगवान्को समय भन्दा ३०० वर्ष पछि सम्राट अशोकले विपश्यनाका कोही आचार्यहरूलाई भारत तथा अन्य देशहरूमा पठाए । उनको चाहना यही कि यस्तो कल्याणकारी विद्या मेरो प्रजाले झैं सबैले पाउन् सबैको कल्याण होउन् । त्यसैले देश-विदेशमा बाँड्दै गए, बाँड्दै गए ।

यस विपश्यना प्रविधिका दुईजना आचार्य 'महाधर्मरक्षित' र 'महारक्षित' भारतको पश्चिमी भागमा आएर बसे यी दुबैले धेरै काम गर्नुभयो । केवल यस प्रदेशमा मात्र होइन देशभन्दा बाहिर पनि विपश्यना कसरी फैलाउने यस बारेमा धेरै काम गर्नुभयो । त्यससमय यस प्रदेशमा महत्त्वपूर्ण वन्दरगाह थियो । नालासोपारामा सुप्पारक (सोपारा) नामको ठूलो बन्दरगाह थियो, जुन हजारौं बर्ष पूरानो अन्तर्राष्ट्रिय व्यापारिक केन्द्र थियो । यस्ता व्यापारिक केन्द्रहरूमा मानिसहरू आउने-जाने त भईरहन्छन्, जो विपश्यना सिकेका छन् उनीहरू पनि जान्छन् । तब बाहिरका मानिसहरूलाई आफूसंग भएको विद्या बताउँछन्, सिकाउँछन् यसरी काम गर्‍यो भने मनको विकार हटछ, मनमा शान्ति हुन्छ । ती दुई व्यक्तिहरू मध्ये एकजना ग्रीकका व्यक्ति थिए । उनले



Downloaded from http://www.dhamma.digital

पनि यहाँ आएर यो विद्या सिके र सिकाउन योग्य बने। भारतका निवासीलाई मात्र होइन पश्चिमी देशका मानिसहरूलाई पनि सिकाए। त्यस्तै सम्राट अशोकका छोरो महेन्द्र र छोरी संघमित्रालाई श्रीलंका पठाए, जहाँ उनीहरूले यस विद्यालाई खूब प्रचार गरे, मानिसहरूलाई सिकाए।

यस प्रदेशमा ठूला केन्द्रहरू पहिला थिए। केही समय बिलाए, हराए तर अब फेरि जागेको छ। यहाँका विद्वत्त वर्गले, समझदार व्यक्तिहरूले यसलाई स्वीकार गरेका छन्। देशको लागि यो कल्याणको कुरा भयो, भलोको कुरा भयो।

यो अत्यन्त सरल विद्या हो, तर्क-संगत, युक्ति-संगत विद्या हो। यसमा अंधविश्वास गर्ने कुनै ठाउँ नै छैन। काम गर र त्यसको परिणाम हेर। परिणाम आयो भने स्वीकार गर, नआए स्वीकार नगर। यहाँ अन्ध विश्वास गर्नु पर्ने छैन। गरेर हेर्नुछ। मिहेनत त गर्नु पर्छ। कसैले कृपया गुरूजीले कृपा गरेर मलाई विकार विहीन बनाइदिउन् भन्ने चाहना गर्छ भने त्यो हुनसक्दैन। यस मार्गमा कसैको कृपाको कुनै अर्थ छैन। कृपा यति हुन सक्छ कि म यो मार्गमा अभ्यास गरेर मैले सिकें, मलाई फाईदा भयो तिमी पनि गर्नु। यस भन्दा बढी केही कृपा हुनेछैन। काम त आफै गर्नुपर्छ।

मन मैलो गर्ने जिम्मेवारी कसको हो ? आफ्नो मनमा जब-जब विकार जाग्यो तब तब ब्याकुल भयो। यस्तो स्वभाव कस्ले बनाएको हो ? कुनै देवी-देवता, कोही ईश्वर-ब्रह्मा, कोही ऋषि मुनि, कोही गुरू-महाराज आदि कसैले यस्तो गरेको हो ? होइन। कोही तिमीलाई यस्तो स्वभाव किन बनाई दिन्छ ? उहाँहरू त निर्मल स्वभाव बनाउने सिकाउँछ। मैले आफैले नजानेर अज्ञानता बस मेरो स्वभाव यस्तो बनाएको हो, प्रतिक्षण मन मैलो गरिरहेको हुन्छ, ब्याकुल बनिरहेको हुन्छ। त्यसको जिम्मेवार त म आफै भयो। त्यसो हो भने त्यसलाई सुधार गर्न जिम्मा पनि मेरो आफ्नै हो। सुधार गर्ने काम कसरी बिर्सन सक्छ ? कपडा मैलो छ भने कसरी लगाउने ? त्यसलाई धुनु पर्‍यो, सुकिलो कपडा लगाउनु पर्‍यो। त्यस्तै हात मैलो भयो, शरीर गन्हायो भने नुहाउनु पर्‍यो, धुनु पर्‍यो। मैलो कुरा कसलाई मन पर्छ र ? र मन मैलो भयो तर त्यसलाई सफा गर्ने काम नगर्नु ?

उस्ले यस्तो भनेकोले रिस उठ्यो। उस्ले मेरो अपमान गरेकोले द्वेष आयो। उस्ले तिमीलाई दुःखी बनाउन यस्तो भन्यो त तिमी दुःखी हुने नै किन ? दुःखी ब्यक्ति त्यो आफै हो। जो ब्यक्तिले तिमीलाई दुर्ब्यवहार गर्छ रोगी त त्यो ब्यक्ति हो। मनमा विकार नजगाईकन कोही ब्यक्तिले दुर्ब्यबहार गर्न नै सक्दैन। उसले विकार जगायो, ऊ दुःखी बन्यो। उसको बदलामा आफू किन दुःखी हुने। ऊ त दुःखी भयो म पनि किन दुःखी हुने।

कुरा नबुझ्नु पनि एउटा सीमा हुन्छ। सीमा नाघ्ने प्रयास नगर्नु। कोही ब्यक्ति आफ्नो शत्रु छ भने उसलाई दुःखी बनाउने उपाय सोच्छ। त्यसैले गाली दिन्छ, अपमान गर्छ। तर हामी के गर्छौं, ओहो ! तिमी मलाई दुःखी बनाउन चाहन्छौ ठीक छ म दुःखी बनीदिन्छु, तब उस्को गाली-अपमान स्वीकार गरेर आफू दुःखी भइदिन्छ।

आफूले के गर्दैछु थाहा नै छैन। किनकि आफू भित्र हेर्ने विद्या नै बिर्सिसक्यो, त्यो विद्या जानेकै छैन। मनले केही सोच्छ भने बाहिरको कुरा नै सोच्दछ कि उस्ले यस्तो भन्यो, उस्ले यस्तो गर्‍यो, त्यसैले यस्तो भयो त्यसैले उस्तो भयो। बाहिरको कुरा जुन गलत छ भने त्यसलाई अवश्य सुधार गर्नु पर्छ तर आफ्नो मनलाई बिगारेर कसरी सुधार्ने। आफ्नो मनलाई नबिगारिकन सुधार गर्न सकियो भने हामीले बाँच्न सिकियो। विपश्यनाले यसै कुरालाई सिकाउँछ। बाहिर जस्तो-सुकै कुरा होस् चाहे आफूलाई मन नपर्ने कुराहरू होस् हामी झट्ट आफू भित्र हेर्न थाल्छौं कतै आफू ब्याकुल त भएको छैन, मेरो समता बिग्रेको त छैन, मेरो सन्तुलन त बिग्रिएको छैन। तब जे गर्नुछ त्यो गरूँला। यस्तो होश पूर्वक गरियो भने असल नै हुन्छ, त्यसको परिणाम पनि राम्रै हुनेछ, किनकि हामी स्वस्थ चित्तको सहारामा काम गरिरहेका छौं।

स्वस्थ भनेको के हो ? जुन स्वयं स्थित छ त्यही स्वस्थ हो। आफूमा स्थित भयो भन्नुको अर्थ आफूले आफूलाई नजानिकन कसरी स्थित हुन सक्छ ? कल्पना गरेर त हुँदैन। यसरी आफूले आफूलाई थाहापाउनु नै विपश्यना हो। आफू भित्रको सत्य, त्यसलाई अनुभवद्वारा थाहापाउनु नै विपश्यना हो। यसलाई आफ्नो अनुभवले थाहा पायो भने आफ्नो दुःखबाट मुक्त हुन्छ, दुःख आफै हट्छ। ❖


*(साभार- 'विपश्यना' वर्ष-३४, अङ्क-३, २०७४ असार)*



Downloaded from http://www.dhamma.digital

# श्रद्धेय संघ नायक भन्ते अश्वघोष महास्थविरज्यू बारे मेरो अनुभूति

✍ बखत बहादुर चित्रकार



*भिक्षु अश्वघोष महास्थविर*



*सिद्धार्थ कुमारको प्रतिमा मुनि लेखक*

लुम्बिनी विकास कोषको उपाध्यक्ष हुनु भएको समयमा वृक्षारोपण गर्ने लुम्विनी विकास योजना भित्र कोषको कार्यक्रमबारे छलफल गर्ने कामले कोषको कार्यालयमा पुगेको थिएँ। त्यहाँ भन्तेज्यूसंग मेरा बृक्षारोपण गर्ने कुरा हुँदा उहाँले राम्रो विचार लिएर आउनु भयो। जाने दिनको २ दिन पहिले मलाई भेट्न आउनु भनि भन्नु भयो। जाने ४ दिन पहिले कार्यक्रम बारेको पत्र दिइ सकेपछि उहाँले लुम्बिनीको योजना प्रमुखलाई मेरै अगाडी चित्रकार समाजबाट बृक्षारोपण गर्न आउँदैछ। सक्दो सहयोग गर्नु होला भनि भन्नु भयो। सोही अनुसार चित्रकार समाजको परिवारहरू २ वटा वस रिजर्भ गरी लुम्बिनीमा पुगेर भोलि पल्ट विहानैदेखि लुम्बिनी योजना क्षेत्रका पूर्व लाईनमा रूख नभएको र त्यहाँका गाउँलेहरूले गाई, भैंसी चराउने गर्दा नराम्रो अवस्था देखि हामीले २ दिन लगाई २२५० वटा विरूवा रोप्ने काम गऱ्यौं र हाम्रो काम राम्रो भएको देखी कोषबाट नै चित्रकार समाजबाट वृक्षारोपण गरेको कुरा उल्लेख गरिएको सो कार्यक्रम बारे एउटा संगमर्मरको ढुङ्गाको स्ल्याब विचमा राखी १० फुट चौडा र १० फुट उचाईको एउटा देवल जस्तो इँटाँको गाह्रो गराई सम्झनाको स्वरूप स्थापना गरियो।

यस्तै समयमा लुम्बिनीमा विभिन्न देशहरूबाट विहार बनाउने काम तिव्र गतीले संचालन भै राखेको अवस्थामा विहार निमार्ण गर्ने साम्रागी फलाम, सिमेन्ट, इत्यादी किन्न कर माफि गरी दिन भनि सरकारमा पत्र पठाइयो। त्यस वेलाको प्रधानमन्त्री मन मोहन अधिकारीज्यूबाट यसको निमार्णको कामलाई चाहिने सामग्रीमा कर माफि गर्ने निर्णय सरकारको क्याविनेटबाट पास गराईयो। यस्तो सुविधा पाएकोले विभिन्न देशहरूबाट विहारहरू निमार्ण कार्य निकै राम्ररी सुरू हुन लाग्यो। यस्तै समयमा पशुपती विकास कोषका पदाधिकारीहरूले पनि ती सुविधाहरू पाउनु पर्ने भनि कुरा चलेपछि लुम्बिनी बारे पाएको सुविधा दिन नमिल्ने भनि मन्त्री मण्डलबाट पास भए पछि लुम्बिनीमा काम बन्द भयो। त्यसपछि श्रद्धेय भन्तेले आफ्नो पदबाट राजिनामा दिने कुरा भएको ठीक नलागेकोले राजिनामा नदिन हुन



Downloaded from http://www.dhamma.digital

विनम्र निवेदन गरें। तर उहाँले मान्नु भएन। यो उहाँको व्यक्तित्व झल्कने त्यागी भावना र आफ्नो निर्णयको विपरीत कसैको पनि परवाह नराख्ने कडा र निश्वार्थी व्यक्ति आजको नेपालमा पाउन सकिंदैन।

उहासँग मेरो अर्को एउटा कुरा पनि मैले यहाँ उल्लेख गर्नु पर्ने विषय हो। बागबजारको धर्मचक्र विहार मा भएको घटना-त्यस समयमा म धर्मचक्र विहारको सचिव भई विहार सुधारको काममा लागि रहेको थिएँ। यसै विषयलाई लिएर वैठक बोलाएको थिएँ। समितिका सवै महानुभावहरू उपस्थित भै सकेको वेलामा यहाँको एक भिक्षु कोठाबाट वैठक कोठामा आउनु भयो र म पनि सभामा बस्न हुन्छ कि भनि बस्नुभयो। म छलफल गर्ने बारेमा विषयहरू लेख्दै थिएँ। यस बेला भन्ते र एक उपासक विच मनमुताव हुनथाल्यो। यसले नाजुक अवस्था लिनथाल्यो। फलस्वरूप श्रेद्धय भन्ते अश्वघोष तुरून्तै धर्मचक्र विहारमा पाल्नु हुन समाचार गए अनुसार उहाँ भन्ते आउनुभयो। अश्वघोष भन्ते नआउनु भएको भए त्यहाँ परिणाम नराम्रो हुने थियो। तर भन्तेको उपस्थितीले राम्रो हुन गयो। त्यस पछि विहारको भन्तेलाई मेरो घरमा लैजान भन्नुभयो र हामी संगै  मेरो घरमा आयौं।

अर्को कुरा १५ वर्ष जति पहिलेको हो। एक दिन भैरहवामा श्रेद्धय गुरूमां धम्मवतीसंग एक जना उपासकको घरमा भोजन गरी भैरहवामा लुम्बिनी जाने चौक मा के पुगेको थिएँ। त्यस वेला धम्मवती गुरूमांले भैरहवाको नगरपालिकाको नाम सिद्धार्थ नगरपालिका भन्ने उल्लेख छ तर यस ठाउँमा सिद्धार्थ गौतमको एउटा प्रतिमा राख्ने काममा तपाइँ लाग्नु पर्‍यो भनि भन्नु भयो। यो वडो राम्रो सुझाव भएकोले यसैवेला भैरहवा चोकमा एउटा प्रतिमा राख्ने निर्णय गर्‍यौं। तुरून्तै भैर हवाको मेयरलाई मैले फोन गरी भेट्ने कुरा गरें। मेयरले म अहिले व्यस्त छु। भोलि विहान चिया खान मेरो घरै पाल्नुहोला भनी खबर पठाउनु भयो। गुरूमांसंग अब म लुम्विनी नआई भोली मेयर संग कुरा गरी लुम्बिनीमा आउने गर्नु पर्ला भनि अनुरोध गरें। गुरूमां ले हुन्छ त भनी भन्नु भयो। यो काम गर्नै पर्छ काम सफल होस् भनि वहाँ लुम्बिनी जानु भयो र भैरहवामा वसेर भोली विहान मेयर सागर प्रताप राणाज्यूको घरमा पुगें। चिया संग कुरा शुरू भयो। मेयर साहेव भैरहवा नगरको नाम सिद्धार्थ नगरपालिका राख्नु भएको छ। भैरहवा सिद्धार्थको जन्म भूमि लुम्बिनी यहाँबाट २२ कि.मी टाढा छ। तर यहाँ सिद्धार्थको प्रतिमा कतै छैन। त्यसकारण सिद्धार्थको प्रतिमा एउटा यस ऐतिहासिक नगरमा स्थापना गर्ने काम होस् भनि विनम्र निवेदन गर्न आएको हुँ। कृपया यो राम्रो काम भएकोले मेयर साहेवबाट सिद्धार्थ को प्रतिमा राख्ने काम सहि काम भएको र तपाईको यो काम पनि सबै भैरहवावासीले मेयर साहेवबाट राम्रो काम गर्नुभयो भनि प्रसंशा गर्ने पक्का छ। त्यसकारण यो पवित्र कार्यमा हामी अगाडि जानै पर्छ भनि भनेपछि उहाँ एकछिन विचार गरेर मलाई तपाइँ भोली ११ बजे मेरो अफिसमा आउनु होला भन्नु भयो र भोलिपल्ट ठिक ११ बजे नगर पालिकाको अफिसमा पुगेर म पुगेको खबर पठाएँ। तुरून्तै भित्र बोलाउनु भयो।

मेयर सागर प्रताप राणाको कार्यालयमा अरू वडा अध्यक्षहरू पनि थिए। उहाँले प्रतिमा स्थापना गर्न कति रकम लाग्छ भनि सोध्नु भयो। पहिले पनि यस्तो काम गरेको कारण मैल अन्दाज रू. ६,५०,०००। लाग्न सक्छ। यो ६.५" फुट उचाईको ढलोटको बनाउने भएको ले पैसा बढि लाग्छ। यसमा मेयरजीले कति आर्थिक सहयोग गर्नु पर्ला ? भनि सोध्नुभयो। मैले रू ३,५०,०००। पाएमा अन्य पैसा चित्रकार समाजबाट लगानी गर्नेछु भनि कुरा भए बमोजिम मैले त्यस बेला आफु समाजको अध्यक्ष भएको नाताले वाकि पैसा मिलाउने निर्णय गरें। उहाँले एउटा कुरा भन्नु भयो। यो प्रतिमा अमर चित्रकारले बनाउने गर्नुपर्छ नत्र अरूबाट बनाउने भए म सहयोग गर्न सक्दिन भनि आफ्नो राय व्यक्त गर्नु भयो। मैले यसै गर्ने छु भनि पक्का गरेपछि प्रतिमा बनाउने निर्णय भयो र यो कुरा धम्मवती गुरूमांलाई निवेदन गरें। पछि म काठमाण्डौं फर्केर यसबारे चित्रकार समाजको बैठकमा पेश गरें र सवैले यसलाई मञ्जुर गर्नु भयो।

केही समय पछि यो कुरा स्व. प्राज्ञ अमर चित्रकार संग छलफल गरी रु. ६ लाख पचास हजारमा बनाउने मञ्जुर गर्नु भयो। अव प्रतिमा बनाउने काम शुरू भयो यसमा एउटा कुरा निर्णय गर्नु पर्ने भयो। सिद्धार्थको



Downloaded from http://www.dhamma.digital

प्रतिमामा सिद्धार्थ गौतम बुद्धको हात माथि उठाएर अब म मात्रै एक जना संसारको रक्षक हुँ भनि हात उठाएर उभिएको बालक सिद्धार्थ बनाउनु पर्छ भनि कुरा चलेपछि सिद्धार्थ बोधिसत्त्व जस्तो महान् पुरुषले यसरी जंग बहादुर जस्तै भएर संसारमा आउने कुरा नमिलेको हुनाले म यसको प्रतिमा बनाउन मञ्जुर छैन भनि अमर दाईले भन्नुभयो । यस्तो कुरा गर्दै जाँदा पाटनमा प्रतिमा बनाउनेले श्रद्धेय भन्ते अश्वघोष संग सोधेर निर्णय गर्नुपर्छ भनि भन्नुभयो । श्रद्धेय अश्वघोष भन्ते संग निवेदन गरी यसवारे मा हजुरको राय बुझ्न आएको भनि भन्दा उहाँले हात माथि उठाएको नगरी अभय दानको मुद्रामा प्रतिमा बनाउने भन्नु भयो र सोही बमोजिम प्रतिमा तयार भयो । भैरहवामा मेयरको कार्यालयमा पुऱ्याईयो । यसबाट लुम्बिनी बसेका भिक्षुहरू र अरू बुद्ध धर्ममा लागेका महानुभावहरूले अभय दानको मुद्रामा सिद्धार्थ प्रतिमा राख्न नदिने कुरा हुँदा सो प्रतिमा स्थापना गर्ने काम रोकियो । यस अवस्थामा एक दिन म धम्मवती गुरूमांको लुम्बिनीको विहारमा वसीरहेको वेला श्रद्धेय अश्वघोष भन्ते पनि काठमाण्डौंबाट लुम्बिनी पुगेको समयमा हामी तीन जना छलफल भै अभय दान मुर्ति नै राख्ने कुरा श्रद्धेय भन्तेले निर्णय गरिदिनु भयो ।

यस पछि म काठमाण्डौंमा आई डकर्मी र चाहिने सामान तयार गरी भैरहवामा एक महिना सम्म विहान देखि काम शुरू गरी प्रतिमा स्थापना भयो । उद्घाटन गर्ने समय मिलाई अखिल नेपाल भिक्षु महासंघका पदाधिकारीहरू सँग छलफल गरी संघ नायकबाटै उद्घाटन गराउने निर्णय भएपछि म भैरहवामा गई नगर पालिकाको मेयर सागर प्रताप राणासँग छलफल गरी प्रतिमा उद्घाटन गर्ने मिति र यसको लागि चाहिने बन्दो बस्त गरी म श्रद्धेय भन्ते यसवेलाको संघ नायक अनिरूद्रज्युबाट अनावरण गराउने कुरा भएपछि म काठमाण्डौंमा आई भन्तेलाई साथै लिएर चित्रकार समाजका सकल सदस्यहरू भैरहवामा गयौं । उता सागर प्रताप राणाज्यूबाट सामान, मेचहरू र मञ्चको राम्रो व्यवस्थापन भएको थियो ।

२ वर्ष पछि भैरहवाका महानुभावहरू मिलिकन प्रतिमा खुला राख्नुको सत्ता मन्दिर वनाई भैरहवाबाट लुम्बिनी जाने मुख्य चौराहामा भएको मन्दिर भैरहवाको जनताको सहयोगबाट भएको जानकारी गराउन चाहन्छु । यो सन्देशमा हालको संघनायक श्रद्धेय भन्ते अश्वघोष महास्थविरको सल्लाह र भिक्षुणीको संघका अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवतीज्यूको अथाह प्रयासबाट यो पुण्य काम पुरा भएको कुरा निवेदन गर्दै यस प्रतिमा सिद्धार्थ गौतम बुद्धको प्रतिमाको व्यहोरा यहीं अन्त्य गर्दछु । यस्तो राम्रो काम चित्रकार समाजले गरेकोमा पनि स्थानीय महानुभावहरूबाट प्रशंसा गर्नुभएको थियो । सिद्धार्थको प्रतिमा राखेको ठाउँमा पहिले एउटा सानो २ /३ फुटको बुद्धको प्रतिमा स्थापना गरी राखेकोमा सो प्रतिमा झिकेर पञ्चायती २५ बर्षे शासनको सम्झनामा स्थापना गरेको पञ्चायती स्तभको माथि क्रेनबाट उठाएर माथि बुद्धको प्रतिमा लुम्बिनी तर्फ फर्काएर राखेको हो । ❖

# धर्मको "नगर" – ५

*नेपाल भाषामा अनुवादक-* **भिक्षु बुद्धघोष महास्थविर**

*नेपाली अनुवाद-* **वीर्यवती**

यसरी सबै गुणको खानी समान भई अन्तिम जन्ममा केवल पूण्यको राशि, पूण्यको डल्लो समान भई सबै प्राणीहरू माझ शोभायमान रूप सम्पन्न भइरहन्छ । तीक्ष्ण ज्ञान बुद्धिले सम्पन्न भई महानुभाव भइरहेको हेतुलाई सुहाँउदो तरिकाले फल धारण गरिरहेको कार्यलाई विज्ञजनहरूले प्रमाणित गर्छन् । यसलाई सिलसिलानुसार बुद्ध भएको भनिन्छ । अन्य धर्मावलम्बीहरूको जस्तै कारण विना नै ईश्वरलाई महान स्थानमा राखे जस्तै नभई बुद्ध शिक्षामा हेतुफल सबै प्रकट भइरहेको हुन्छ ।

त्यसैले बुद्ध धर्माबलम्बीहरू सबैले भगवान बुद्धको शिक्षा अनुगमन गरी यस जन्ममा मात्र होइन निर्वाण प्राप्त नभएसमम राम्रो आचरणका साथ पारमिता धर्मलाई अभ्यास गर्दै परिपक्व पारमी सहित ज्ञान बुद्धि र अधिपति प्राप्त गरी कोशिस र वीर्य वृद्धि गर्दै लान सकोस् ।

समाप्त ।



Downloaded from http://www.dhamma.digital

# रूपान्तरित विहारहरूबाट थेरवाद बुद्धधर्मको उत्थान

✍ श्यामलाल चित्रकार

## १. पृष्ठभूमी

### १.१ अध्ययनको क्षेत्र तथा सीमाहरू

काठमाडौ. र ललितपुर जिल्लामा भन्दा भक्तपुर जिल्लामा थोरै मात्र बाहाः बहीहरू भएको र त्यस मध्ये कतिपय बाहाःबहीहरू बेवारिसे भग्नावशेष अवस्थामा रहेकोमा स्थानीय जनता र थेरवाद बौद्ध भिक्षुहरू समेतले केही त्यस्ता स्थानहरूमा थेरवाद बौद्ध विहार स्थापना गरेका छन् । पहिला बहाःबहीहरूमा हाल थेरवाद बुद्ध विहारहरूमा परिणत भएका १. मुनि विहार, २. पाटी विहार र ३. बौद्ध समंकृत विहारको इतिहास र गतिविधिहरूमा मात्र यो शोधकार्य सिमीत रहेकोछ ।

### १.२ बुद्धधर्मको परिचय

धृ धातुबाट उत्पन्न शब्द धर्मको अर्थ धारण गर्नुलाई जनाउँछ । धर्मको परिभाषा दिन निक्कै कठिन छ । पालि भाषामा धम्म भनिन्छ । हिन्दु धर्ममा धर्मलाई ॠ पनि भनिन्छ जसको अर्थ हुन्छ जीवन र जगतलाई संचालन गर्ने तत्व । अर्को सन्दर्भमा संस्कृति, संस्कार, नियम कानून, चलनचल्तिका कुरा, कर्तव्य, सत्यता, न्याय, नैतिकता, पुण्य, असल काम, गुण, चरित्र, ठीक जीवन शैली इत्यादिलाई धर्म भन्ने चलन पनि देखिन्छ ।[१] खास–खास जन समुहले मान्ने गरेको धर्महरू जस्तैः हिन्दु धर्म, क्रिश्चियन धर्म, सिख धर्म, जैन धर्म, बौद्ध धर्म इत्यादि नामले धर्मको नामाकरण भएको पनि देखिन्छ । बुद्धले यो लोकमा र परलोकमा भोग्नु पर्ने दुःखबाट छुटकारा पाई निर्वाण प्राप्त गर्न दिनु भएको शिक्षालाई बुद्धधर्म भन्ने गरियो । तर बौद्ध ग्रन्थहरू सारा त्रिपिटकमा बुद्धधर्म शब्दको उच्चारण भएको छैन । बुद्धले सधैं सर्वकालिक, सर्वजनिन, र सर्वत्र लागु हुने सत्य धर्मको मात्र चर्चा गर्नु हुन्छ । त्यसैले आजसम्म कुनै विद्वान, कुनै दार्शनिक, कुनै अध्यात्मिक गुरुले बुद्धको वचनलाई खण्डन गर्न सकेको छैन । नाम रुपको उत्पति र विनासको स्वाभाविक धर्मलाई अहिले सम्म कसैले गर्न नसेकेको बुद्धले व्याख्या गर्नु भएको छ । मनको क्षेत्रमा तथा भौतिक क्षेत्रमा कारणले स्वाभाविक उत्पन्न हुने कार्य र कार्यले स्वाभाविक उत्पन्न हुने कारण नै धर्म हुन् । बुद्धले उपदेश गर्नु भएको चार आर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र प्रतीत्यसमुत्पाद यथार्थ धर्म हुन् । बुद्धका उपदेशहरू श्रुतमय, चिन्तनमय तथा भावनामय ज्ञानबाट जान्न, बुझ्न र प्रत्यक्ष अनुभव गर्न सकिन्छ । उपदेशहरू अनुसार अनुशरण गर्दै गएमा निर्वाण लक्ष्यसम्म प्राप्त गर्न सकिन्छ ।

### १.३ बुद्ध महापरिनिर्वाण पछि बुद्धधर्ममा निकायहरूको प्रादुर्भावः

कपिलवस्तुका राजकुमार सिद्धार्थ गौतमले ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गर्नु भई बुद्ध भई सके पछि ४५ वर्षसम्म गाउँ, शहर, जनपदहरूमा गई धर्म उपदेश दिनु भई असंख्य जन समूहलाई दुःखबाट छुटकारा दिलाई कल्याण गर्नुभयो । बुद्धको भव्य व्यक्तित्व र अतुलनीय उपदेश दिने शैलीले गर्दा त्यति बेलाका तीन चौथाई जनता बुद्ध, धर्म र संघमा शरण आई बौद्ध भएको भनाई छ । बुद्धको ८० वर्षको उमेरमा महापरिनिर्वाण पछि बुद्धधर्मलाई जस्ता तस्तै सुरक्षा गरी राख्न र कुनै विकृति हुन नदिन महाकाश्यप महास्थविरको अध्यक्षतामा भएको प्रथम संगायनाबाट बुद्धले दिनु भएको धम्म र विनयका सबै उपदेशहरूलाई संग्रह गरियो ।[२] तर त्यसको १०० वर्षको अवधिमा बुद्धका उपदेशहरूमा आ–आफ्नो अनुकुल व्याख्या गर्न थालियो र बुद्धले दिनु भएको पालना गर्नु पर्ने नियमहरूमा संशोधन गर्न खोजियो र १० वटा विषय वस्तुलाई लिएर ठुलो विवाद भई भिक्षु नियमलाई खुकुलो गर्न चाहने जवान भिक्षुहरूको ठुलो जमात छुट्टीएर महासांघिक निकाए गठन भयो भने भिक्षु नियम संशोधन गर्न नमान्ने जेष्ठ भिक्षुहरूको समुहलाई स्थविर वादी वा थेरवादी भन्ने चलन चल्यो । सम्राट अशोकको पालासम्म बुद्धधर्ममा १८ वटा निकायहरू[३] भएको देखिन्छ । *क्रमशः*

---

१. https://en.wikipedia.org/wiki/Dharma#Definition

२. पि.भि. बापत, बुद्धधर्मको २५०० वर्ष, पाँचौं संस्करण,(नया देहलीः डाइरेक्टर पब्लिकेशन डिभिजन, भारत सरकार, इ.सं.१९०९) पृ. ३१ ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध प्रश्नोत्तर-४

*सम्पादिका*- **धम्मवती**
*अनुवाद*- **दिलकमल तुलाधर**

प्रश्न- ७९. **पञ्चशील र अष्टशीलको भेद के हो ?**
उत्तर- ब्रह्मचर्या, विकाल भोजन, नच्चगीतवादित र उच्चासयन त्यति भेद छन् ।

प्रश्न- ८०. **ती चार अर्थ के होलान् ?**
उत्तर-

१) पञ्चशीलमा आफ्नो श्रीमती अथवा पुरुष हुँदा हुँदै अर्काको संग जानु हुँदैन । अष्ट शीलमा स्त्री पुरूषसंग संभोग वर्जित ।
२) कुबेलामा भोजन गर्नु हुँदैन (१२ बजे पछि दिउँसो) ।
३) अश्लील नाटक र गीत हेर्न र सुन्न हुँदैन, अत्तर आदि सुगन्ध छर्नु हुँदैन ।
४) धेरै मूल्य पर्ने विछ्याउनामा सुत्न हुँदैन । पञ्चशीलमा यस्तो नियम छैन ।

प्रश्न- ८१. **सिद्धार्थ कति वर्ष पुग्दा बुद्ध हुनु भएको ?**
उत्तर- ३५ वर्षको उमेरमा ।

प्रश्न- ८२. **कति वर्षको उमेरमा बुद्धको परिनिर्वाण भएको हो?**
उत्तर- ८० वर्षको उमेरमा ।

प्रश्न- ८३. **नीवरण भनेको कति छन् ?**
उत्तर- पाँच ।

प्रश्न- ८४. **पाँच नीवचरण के के हुन् ?**
उत्तर- कामच्छन्द (पञ्च कामको वारे धेरै आशावादी हुनु)
व्यापाद (रीस र द्वेष)
थीन मिद्ध (धेरै सुत्नु र असली हुनु)
उद्धच्च कुक्कुच्च (चञ्चल र पश्चाताप)
बिचिकिच्छा (जे कुरामा पनि शंका भइरहने)

प्रश्न- ८५. **नीवरण किन भनेको ?**
उत्तर- निर्वाण जानलाई बाधा भइरहेकोले भनेको ।

प्रश्न- ८६. **भगवान् बुद्धलाई आफ्नो पतिको रूपमा हेर्ने स्त्री को हुन् ?**
उत्तर- चिंचा माणविका ।

प्रश्न- ८७. **किन आफ्नो पति भनेर बदनाम गर्न आएकी ?**
उत्तर- बुद्धको कीर्ति र प्रशंसा फैलेको सुन्न नसकेर बदनाम गर्न आएकी ।

प्रश्न- ८८. **भगवान् बुद्धलाई हत्यारा भनेर बदनाम गर्ने को थिए ?**
उत्तर- सुन्दरी परिव्राजकको मृत्युको घटना लिएर तीर्थकरहरूले गरेका थिए ।

प्रश्न- ८९. **कसरी सुन्दरी परिव्राजकको मृत्यु भयो ?**
उत्तर- भगवान् बुद्धको यशकीर्ति फैलिएको देख्न नसक्ने इर्ष्यालुहरूको एक समूहले बुद्धप्रति ईर्ष्या गर्दै सुन्दरी परिव्राजिकालाई मारेर विहारको फूल फ्याक्ने कुवामा फ्याकि राखेको थियो ।

प्रश्न- ९०. **हामीहरूले ठूलो हुनलाई के गुर्न पर्दछ ?**
उत्तर- चित्त निर्मल पार्नु पर्दछ। मुखमा राम राम बगलीमा छुरा हुनु हुँदैन ।

प्रश्न- ९१. **बौद्ध किन भनेको ?**
उत्तर- बुद्धिले काम गर्ने, बुद्धको शरण जाने हुनाले ।

प्रश्न- ९२. **आनन्दको अर्को नाम पनि छ कि ?**
उत्तर- छ, धर्म कोषाध्यक्ष वा धर्म भण्डारिक ।

प्रश्न- ९३. **चार ब्रह्मा विहार भनेको के हो ?**
उत्तर- मैत्री (मित्रता)
करूणा (दुःखीहरू देखेर चित्त दुःखित) हुनु ।
मुदिता (अरूहरू गुणी भएको देखेर खुसी हुनु)
उपेक्षा (सुखमा पनि, दुःखमा पनि समान देख्नु)

प्रश्न- ९४. **मृत्यु कति प्रकारका छन् ?**
उत्तर- आयु क्षय, कर्म क्षय, उभय क्षय र अकाल मृत्यु ।

प्रश्न- ९५. **सिद्धार्थको जन्म हुँदा अरूहरू को-को जन्मेका थिए ?**
उत्तर- आनन्द, बोधिवृक्ष, कालु दायि अमात्य, यशोधरा, छन्दक सारथी, कन्थक घोडा र सुनको घडा चार । यी सात सिद्धार्थको जन्म दिनमा उत्पन्न भएका थिए ।

प्रश्न- ९६. **गन्धकुटी भनेको के हो ?**
उत्तर- भगवान् बुद्ध बस्ने जुनसुकै कोठा, कुटी अथवा घरलाई गन्धकुटी भन्दछन् ।

प्रश्न- ९७. **पञ्चाङ्ग दण्डवत् गर्ने भनेको के हो ?**
उत्तर- घुँडा दुईवटा, हात दुईवटा (कुहिना सहित) र शिर एकै साथ भुइँमा घोप्टेर गर्ने आदरलाई ।

प्रश्न- ९८. **लोक धर्म (स्वभाव) कति छन् ?**
उत्तर- लाभ, अलाभ, यश, अयश, निन्दा, प्रशंसा, सुख र दुःख ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धर्मया मां कर्मया मां जुया सिचुगु जः बिया बिज्याःम्ह ममतामयी मां धम्मवती गुरूमांयात

✍ **प्रेम लक्ष्मी तुलाधर** 'इ्त'

धम्मवती नां न्यनेमात्रं मन कपाय्थे याउँसे फय्थें सिच्चुगु आभास जुयाः। भ्रीगु न्ह्योने पिलू बिज्याई वसपोलया ऊन (आकृति) न्ह्यइपुसे च्वंगु सः धिसिधागु पलाः ख्वाँय्। न्ह्याम्हेंसितनं छम्ह मांम मस्तेत बिचाः याःथें यानाबिज्याइम्ह ममतां जागु स्वभाव दुम्ह धर्मया मां खः भिक्षुणी धम्मवती।

बुद्ध भगवानं क्यनाबिज्यागु लँपुई पलाः न्ह्याकाः छैं छैं जक तक्यनाः च्वंपिं मिसातय्‌त धर्म पाखें व्यवहारिक शिक्षा बियाः समाजय् धर्मया कान्ती हयाः सामाजिक ह्यूपाः कथं मिसा जागृति हया बिज्याम्ह खः वसपोल।

गणेश कुमारी नां ज्वना अबु हर्षरत्न मां हिरा थकुं शाक्यया क्वखं प्यम्ह दाजु किजाया दथुई याकः म्ह्याय् जुयाः जन्म जुयाः मां अबुया पुता दाजुकिजापिनि यम्ह तता कैंहे जुयाः नं मचा बलय्‌निसें धर्मया आभास दुम्ह बुद्ध धर्म छु मां पाखें बुद्ध धर्म थुइकाः बिज्याम्ह वसपोल गुरूमां महत्वांकांक्षी स्वभाव दुम्ह बुद्ध धर्म सीकेगु थुइकेगु अतिकं मन क्वसानाविज्याःम्ह गुरूमां खः।

उगु ई धैगु अन्धविश्वास व राणा शासन या ई खः। मिस्त धैपिं न्ह्योवःसा समान भापाः आखः ब्वंकेमज्यू ब्वंकलकि स्यनी धैगु धापू न्ह्योने तयाः मिसातः आखः ब्वना सलसिलकी क्वन्हयाय् फैमखु धैगु भाव दुगु समाजया परिस्थिति खनाः मिजंतय्‌गु हुकुमत ब्यवहार खनाः वाक्क दिक्क जूगु मन, ईयात गथेयाना मिसातय्‌त थज्यागु पंजलं पिकायगु, भात सितकी कलापिं सति वनेमाःगु ग्याना पुगु अवस्थायातः हा नापं ल्यंथनाः थज्यागु परम्परा न्हंयकांछ्वयगु निर्ति बुद्ध शिक्षाया अति आवश्यक तायकाः १४ दँ या इलय् समाजयात हाथ्या विइकथं गुरुवर धम्मा बुधया लिधंसाय् वसपोलनाप वर्मा देशय् वनेगु आँट यायगु चिधंगु खँ मखु।

वसपोलया मां हिराथकुं थः पुताः ममता प्रति गुलि विश्वास आँट दुगु जुइ कि १४ दँ दुम्ह मचां छन्हु अवश्यनं बुद्ध शासनयात चिरस्थाई याई व नेपाः देया सन्ततीयात उत्थान यानाः नेपाः देया बौद्ध धर्मय् तिमिलाया जः जुयाः पिज्वइतिनि धैगु विश्वास दुगुलिं म्ह्याय् प्रतिया मायायात नेपामिपिंत उद्धार याकेगु वयकःया मनसुवा खः। गुरू पुन्ही कुन्हु जन्म जुया बिज्याम्ह धर्मया गुरू भिक्षुणी धम्मवती धाथें मांया मनसूवायात पुवंकः विज्यात हलिमय् बुद्ध शासनया यःम्ह म्हयाय्, लू निभाया लुमुगु जः व तिमिलाया जः जुयाः।

पलेस्वाँ थें जाम्ह १४ दँ या म्हयाय्‌यात लिफः मस्वसे विदेशय् छ्‌वयाः धर्मया लंपु ल्ययाः गुरूमां याय्‌गु निंति गुरू जुया बिज्याम्ह मां हिरा थकुं धाथें ज्वःमदुम्ह मां खः। वसपोलयात अभिवादन मयासे मगाः।

अथेहे मांया मनसुवा पुवंकेगु निर्ति थःगु तुतियात साधनया रूपय् छ्‌यलाय् पालिं हि स्वःस्वः वय्‌कः वर्मा देशय् धम्माबुध भन्ते नाप थ्यंक विज्यात। धम्मावुध भन्ते यात नं गणेश कुमरी प्रति गुलि विश्वास दुगु जुई कि छन्हु पक्कानं हलिमय् खय्‌कीतिनी धकाः।

अथेजूगुलिं भन्तेयात नं कोटी-कोटी वन्दना मयासें मगाः। यदि भन्ते नं आँट यानाः मयंकूगु जूसा सायद गणेश कुमारी हे जक जुइगु खःला ? तर पूर्व संस्कार दुपिंत न्हयागु याःसां जुसां अवसर चुलानाः हे च्वनी थ्व ध्रुव सत्य खः। उदाहरण या निर्ति धम्मवती गुरूमां हे खः।

नेपाः देयाः म्ह्याय् मचाः धकाः वर्मा देशय् नं अतिकं हनावनातयाः योम्ह म्हयाय्‌या नामं प्रख्यातम्ह भिक्षुणी धम्मवती आः ब्वनेगुली नं विशिष्ट जुया "शासनधज्ज धम्माचरीय" पद अथे धैगु बुद्ध शिक्षाय् थौकन्हे या ल्याखं PhD धासां छुं मपाः। ब्वनाः पद विभूषित जुया बिज्यात। अथेहे "अग्गमहागण्ठवाचक पण्डित" पदं नं विभूषित जुया विज्याम्ह खः।

नां गथे अज्यागु हे आचरण पिज्वःम्ह, मिलनसार म्ह वर्मा गुरूमां दो गुणवती नाप १४ दँ लिपा २०२० सालय् नेपाः दे लिहाँ बिज्यानाः वि.सं. २०२२ सालं



Downloaded from http://www.dhamma.digital

"धर्मकीर्ति विहार" नीस्वनाः बिज्यात ।

धर्मकीर्ति विहार उत्थान याय्गुलि तःधंगु हःपाः तया बिज्याम्ह वर्मी गुरूमां नाप जाना बुद्ध धर्म प्रचार याय्गु तातुनाः छें ज्याय् जक लिकुना च्वंपि छुं हे मसःमस्यूपिं मिसापिंत जागृत याय्गु निर्तिं बुद्ध शिक्षाया माध्यमं बौद्ध प्रौढ शिक्षा, बौद्ध परियत्ति कक्षा संचालनयाना बिज्यात । लिसें बुद्ध धर्म ब्वंकेगु, युवा वर्गपिंत व्यवहारिक शिक्षाया माध्यमं पारिवारिक जीवन सुथां लाकेगु निर्तिं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्वना बिज्यात ।

उगु इलय् मुकं न्याम्ह गुरूमांपिं पाखें सञ्चालन जूगु विहार प्रमुख भिक्षुणी धम्मवतीया न्हयलुवाय् रत्न मञ्जरी गुरूमां पाखें ध्यान भावना स्यनाविज्याइ, चमेली गुरूमां नं परियत्ति शिक्षा, दो गुणवती पाखें शिल्प विद्या, कमला गुरूमां पाखें आखः ब्वंकेगु स्यनेगु याना बिज्याइगु खः । थुकथं न्हयानाच्वंगु धर्मकीर्ति विहार दूरदर्शी धम्मवती गुरूमां पाखें थी थी कचात नीस्वनाः अभिभावक या रूपय् च्वना ग्यसुलापिं उपासक उपासिका पिज्वय्काः जिम्मे वारी वियाबिज्यात ।

धन स्वयां धर्म तःधं तायकाः थःगु जीवन धर्मया लँपुई पलाः न्ह्याकाः कुत यात नं जीवनया मू थुइकेगु कुतः याना धर्मया कीर्ति ल्यंकातय्गु निंति धर्मकीर्ति विहार नीस्वनाः मविज्यागु जुसाः वर्माय् बुद्ध धर्म अध्ययन याना मबिज्यागु जूसा थौं सायद नेवा मिसापिं अझ नं ल्यूने लाइगु खःला ? छाय् धायबलय् उगु इलय् नं भन्तेपिंथाय् वना बाखँ न्यो वनेगु धर्म संम्बन्धि आखः ब्वंवनेगु, खँ न्यंवनकि तक नं खँल्हाइगु ई खः । तर गुरूमां नं यानाः झी मिसा जातियात तःधंगु अवसर उपकार याना बिज्यागु दु । धर्मया खँ न्यनेत आतुर मजुल । वसपोल पाखें बुद्ध शिक्षां याना छें जक च्वनाः धर्मया भाषा मथुइका च्वंपिंत व्यवहारिक शिक्षाया माध्यमं 'शान्तिया कान्ती' हे हया बिज्यात गुकिं यानाः मिसा धैपि "निलांगु बुद्धि" दुपिं धाय्काः च्वनेम्वाल । थौ झीगु न्ह्योने गुरूमांपिं भन्तेपिं पाखें उपदेश न्यनेबलय् बुद्ध भगवान्या लिक्क च्वनाः धर्मदेशना न्यनाच्वनागु थें च्वं । थ्व हे झी सकसिगु निर्तिं अहोभाग्य खः । गुरूमांया देन अबलय्या धिसिधापिं उपासक उपासिकापिनिगु ग्वाहालिं व गुरूमांया धिसिधापिं चेलापिंसंयाना नं धर्मकीर्ति विहार थेरवार भिक्षुणी विहार, मध्ये अगुवा विहार धाय्का च्वनेदुगु खः ।

भिक्षुणी धम्मवती वसपोल मां याके दय्माःगु स्नेह गुण पूर्ण अथवा मांया रूप दुम्ह गुरूमां खः । गथे की–झीत छुँ दुःख जुल वा छुं नं भय वल धाःसा वसपोलया समिपय् थथे जुल अथे जुल धकाः थःगु दुःख प्वंकेबलय् अथेया थथेया धकाः ममतां जाःगु वचन ल्हानाः बिज्याइवलय् मांमं मचायात दुःख तंका बिइगु थें च्वंक धयाबिज्याई । मांया मूलय छ्यों दिकेबलय् गुलि आनन्द वइगु खः अथेहे आभास ब्वलंनावइगु खः । मांया किचलय् च्वनेबलय् गुलि सुरक्षाया अनुभूति जुइगु खः अथेहे खः वसपोल । यक्व मस्तय्त मांमंथे थः मस्तय्त ज्यूज्यूपिंत ज्यूज्यूगु चकलेट, बिस्कुट, नय्गु त्वनेगु बिया बिचाः यानाः तइम्ह मां थें खः गुरूमां । तानोइबलय तःमागु सिमाक्वय् च्वनेबलय गथे सिचुइगु खः अथेहे खः गुरूमां । माया ममतां जाम्ह मां समानम्ह खः वसपोल ।

गुरू समानम्ह मां खः धम्मवती गुरूमां गथेकि ध्यनाच्वंपिं मस्तय्त सुथ न्हापां मैत्रीया कथिं तकतक यानाः धर्मया घंटी तांतां थानाः दँ दँ मस्त लिबाय्धुंकल धाधां धर्मया आखः कर्तव्य वान्, नैतिकवान्, शीलवान् जुइगु शिक्षा ब्वंका बिज्याम्ह खः ।

"भि यासाः भिंजुइ मभिं यासा मभिं जुइ, मति भिंसा गति भिनी, थम्हं यानागु पाप-पुण्य थम्हं हे भोगे याय्माः धकाः धर्मदेशना याना बिज्याइम्ह गुरू नं वसपोल हे खः । अथेहे मिसात तालय् हंसा जक छें भिनी धकाः मां, माजु, भौ, म्हयाय्पिंत बौद्धिक ढंगं व्यवहारिक तालिम बिया बिज्याइम्ह शिक्षिकाया रूप दुम्ह गुरूमां खः ।

धर्मय् समान भाःपिंया बिज्याम्ह विवेकशीलंजाम्ह गुरूमां खः । गथेकि महायान, हिनयान, बज्रयान स्वंगु यानयात समानता बियाः थःगु बुदिं कुन्हु भन्ते, गुरूजु, लामा भन्तेपिं पाखें नं पाठ याका विज्याइगु खः । भिक्षुणी धम्मवतीया गुण अपरम्पार वयानयानाः साध्य हे मजू । वसपोलया धार्मिक, सामाजिक, बौद्धिक ख्यलय् न्हयागु पलाः अझ नं तःब्या जुयाः न्हयाःवनेमा धकाः आशिका लिसें भिं उसाँय् ताः आयुया आशिका यासे ८४ दँ भिं बुदिंया भिंतुना देछाना ।

❖



Downloaded from http://www.dhamma.digital

# युनाइटेड नेसन्स डे अफ बैशाख

## *(संयुक्त राष्ट्रसंघीय बैशाख दिवस वा सम्मेलन)*

✍ **लेखरत्न शाक्य** 'ढल्को'


खुशीको आँसु छछल्किन्छ,
आँखा भरी,
जब पढ्छु पत्रपत्रिकाहरू,
बुद्धको जन्म, ज्ञानप्राप्ति र महा परिनिर्वाणका,
आतँकवाद, हिँसा, अपहरण र लागुऔषधहरू वसारपसारले,
विश्व दन्किरहेको अवस्था हो यो ।
बुद्ध तिमी नेपालमा जन्मे,
बोधि ज्ञान विचरण-भूमीमा,
महापरिनिर्वाण,
जन्मभूमीमा भन्दा पर ।
मानव मात्रलाई
दिए तिमीले अदभूत ज्ञान र धर्म ।
शान्तिबिना समृद्धि असम्भव जस्तो महान,
उपदेश दिन देशदेशान्तर घुमे बुद्ध तिमी,
मानव मात्रको लागि यो उपदेश,
उतारे UN ले विश्व धरातलमा त्यसलाई
"युनाइटेड नेसन्स डे अफ बैशाख" नामले ।
मनाए बैशाख डे पहिलो आफ्नै मुख्यालयमा ।
पछ्याए १४ औँ सँयुक्त नेसन्स डे बैशाख,
मे १२ देखि १४ मेसम्म ७२ देशका साथ ।
"बुद्धजन्म स्थल नेपाल हो" भन्ने सन्देस दिए विश्वलाई श्री लँकाले ।
सन २०११ मा थाइलायण्डले मनाए,
"युनाइटेड नेसन्स डे अफ बैशाख" ११ औं पटक ।
पछ्याए अर्को देश भियतनामले पनि,
दोस्रो "युनाइटेड नेसन्स डे अफ बैशाख"
तर,
जुन देशमा बुद्ध जन्मे
बुद्ध जन्मेको भूमीको नामले मात्र
"बुद्ध जयन्ति" मनाउँदै रहे ।
विश्वका धेरै देशले "युनाइटेड नेसन्स डे अफ बैशाख"
एउटै नामले मनाए,
बुद्ध को हुन भन्ने चिनाउने उदेश्य साथ,
नेपाल चिनाउने एउटै काम,
अन्तर्राष्ट्रियरूपमा बुद्धस्थल र,
विकास र संरक्षण एउटै बोधिबृक्षले,
पर्यटन, साँस्कृतिक रू सिँगो मुलुक,
सुसम्पन्न र समृद्धिको देश भनेर,
उभिनेछ यो देश विश्व रँगमञ्चमा,
"युनाइटेड नेसन्स डे अफ बैशाख" को
हाँगा समाते श्रीलँकाले
समापन गराइयो त्यो सम्मेलन,
सम्माननीय नेपाली राष्ट्रध्यक्षज्यूको
बाहुलीबाट भयो ।
सौभाग्य तीन करोड नेपालीले ।
प्राप्त गरे यो उदेश्य
मानव पुँजीको रूपमा त्यस भित्र लुकेका
मानव क्रान्तिले
किनभने मानवले आर्जन गरेका,
सीप, प्रतिभा र दक्षता,
देशका सम्पति र गहना हुन्,
बुद्धको ज्ञानमा लुकेका
त्यो महान शिक्षा बुद्धको उपदेशमा छ ।

❖



Downloaded from http://www.dhamma.digital

# The Fawn Who played Dead–11
## (Attendance)



Once upon a time, there was a herd of forest deer. In this herd was a wise and respected teacher, cunning in the ways of deer. He taught the tricks and strategies of survival to the young fawns.

One day, his younger sister brought her son to him, to be taught what is so important for deer. She said, "Oh brother teacher, this is my son. Please teach him the tricks and strategies of deer." The teacher said to the fawn, "Very well, you can come at this times tomorrow for your first lesson."

The young deer came to the lessons as he was supposed to. When others cut classes to spend all day playing, he remained and paid attention to the good teacher. He was well liked by the other young bucks and does, but he only played when his class work was complete. Being curious to learn, he was always on time for the lessons. He was also patient with the other students, knowing that some learn more quickly than others. He respected the teacher deer for his knowledge, and was grateful for his willingness to share it.

One day, the fawn stepped in a trap in the forest and was captured. He cried out in great pain. This frightened the other fawns, who ran back to the herd and told his mother. She was terrified, and ran to her brother the teacher. Trembling with fear, crying big tears, she said to him, "Oh my dear brother, have you heard the news that my son has been trapped by some hunter's snare? How can I save my little child's life? Did he study well in your presence?"

Her brother said, "My sister, don't be afraid. I have no doubt he will be safe. He studied hard and always did his very best.He never missed a class and always paid attention. Therefore, there is no need to have doubt or pain in your heart. He will not be hurt by any human being. Don't worry. I am confident he will return to you and make you happy again. He has learned all the tricks and strategies used by deer to cheat the hunters. So be patient. He will return!"

Meanwhile, the trapped fawn was thinking, "All my friends were afraid and ran away. There is no one to help me get out of this deadly trap. Now I must use the tricks and strategies I learned from the wise teacher who taught so well."

The deer strategy he decided to use was the one called, "playing dead." First, he used his hoofs to dig up the dirt and grass, to make it look like he had tried very hard to escape. Then he relieved his bowers and released his urine, because this is what happens when a deer is caught in a trap and dies in very great fear. Next, he covered his body with his own saliva.

Lying stretched out on his side, he held his body rigidly and stiffened his legs out straight. He turned up his eyes, and let his tongue hang out of the side of his mouth. He filled his lungs with air and puffed out his belly. Finally, with his head leaning on one side, he breathed through the nostril next to the ground, not through the upper one.

Lying motionless, he looked so much like a stiff corpse that flies flew around him, attracted by the awful smells. Crows stood nearby waiting to eat his flesh.

Before long it was early morning and the hunter came to inspect his traps. Finding the fawn who was playing dead, he slapped the puffed up belly and found it stiff. Seeing the flies and the mess he thought, "Ah, it has already started to stiffen. He must have been trapped much earlier this morning. No doubt the tender meat is alreay starting to spoil. I will skin and butcher the carcass right here, and carry the meat home."

Since he completely believed the deer was dead, he removed and cleaned the trap, and began spreading leaves to make a place to do the butchering. Realizing he was free, the fawn suddenly sprang to his feet. He ran like a little cloud blown by a swift wind, back to the comfort and safety of his mother. The whole herd celebrated his survival, thanks to learning so well from the wise teacher.

**The moral is: Well-learned lessons bring great rewards.**


*to be continue ...*
*(Source: Prince Goodspeaker)*




Downloaded from http://www.dhamma.digital

धर्मकीर्ति विहार — गतिविधि

# भिक्षुणी धम्मवतीको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ सम्पन्न



*धर्मदेशना गर्नुहुँदै संघ उपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर*



*धर्मदेशना गर्नुहुँदै भिक्षुणी धम्मवती*

*२०७४ असार २०-२७।*
*स्थान- धर्मकीर्ति विहार*

भिक्षुणी धम्मवती गुरूमांको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा २०७४ असार २० देखि २७ गते सम्म विभिन्न कार्यक्रमहरू यसरी सञ्चालन गरियो।

**१. साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना–**

भिक्षु महासंघको तर्फबाट असार २० गते देखि असार २६ गते सम्म (बिहान ७ बजे देखि ९ बजे सम्म) अभिधर्म पाठ र धर्मदेशना कार्यक्रम सम्पन्न गरी धम्मवती गुरूमांको सुस्वास्थ्य र दीर्घायु कामना गरिएको थियो। यस कार्यक्रमको विवरण यसरी रहेको छ–



*भिक्षुसंघबाट अभिधर्म पाठ हुँदै*



Downloaded from http://www.dhamma.digital

**साप्ताहिक अभिधर्मपाठ धर्मदेशना, जलपान र भोजन दाताहरूको विवरण**

| क्र.सं. | मिति २०७४ असार | पाठ | धर्म देशना | जलपान | भोजन दाता |
|---|---|---|---|---|---|
| १. | २०गते मंगलबार | धम्मसङ्गणी | भिक्षु बोधिशेन | १. सुमना महर्जन<br>२. श्रद्धाचारी गुरूमां | ललीता कालिमाटी |
| २. | २१ गते बुद्धबार | विभंग | सयादो ऊ सुजनपिय | १. राजेश, शोभा<br>२. अनिता शाक्य | राजेश शोभा सपरिवार |
| ३. | २२ गते बिहीबार | कथावत्थु | भिक्षु धर्ममूर्ति | १. मोहन देवी ठमेल<br>२.कुसुम गुरूमां | धर्मकीर्ति तता पुचः |
| ४. | २३ गते शुक्रबार | पुग्गल पञ्ञति | भिक्षु कौण्डञ्ञ | १. सुचिता,सुजाता, शाक्य<br>२. मैंया मानन्धर | धर्मकीर्ति पुलांपुचः |
| ५. | २४ गते शनिबार | धातुकथा | भिक्षु निग्रोध | १. करूणावती गुरूमां<br>२. धर्मकीर्ति मिजंपुचः<br>३. लक्ष्मी ज्याठा | धर्मकीर्ति क्यहैं पुचः |
| ६. | २५ गते आइतबार | यमक | भिक्षु ज्ञानपूर्णिक<br>भिक्षु बोधिज्ञान | १. धम्मविजया गुरूमां | पूर्णहेरा पुचः धर्मकीर्ति |
| ७. | २६ गते सो मबार | पट्ठान | भिक्षु पञ्ञासार | १. कीर्ति मैंया पुचः<br>२. अष्टमाया पुचः | मैंया शोभा नयाँबजार |
| ८. | २७ गते मंगलबार | महायान+वज्रयान | डा. नरेश वज्राचार्य | १. अनोजा गुरूमां<br>२. कर्णदेवी पुचः | दुतिया पुचः वीर्यवती गुरूमां |

२. **महायानी गुरू र वज्रयानी गुरूजुहरूको तर्फबाट पाठ–**



*महायानी गुरुहरूबाट शान्ति पाठ हुँदै*



Downloaded from http://www.dhamma.digital

२०७४ असार २७ गते–

यसदिन महायानी गुरूहरूले धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुभई शान्ति पाठ गर्नुभएको थियो ।

वज्रयानी गुरूजुहरूले पनि धम्मवती गुरूमांको सुस्वास्थ्य कामना गरी भद्रचरी र अन्य मंगल पाठहरू गर्नुभएको थियो । यस कार्यक्रममा डा. नरेश वज्राचार्यले धर्मदेशना गर्नुभएको थियो ।



*वज्रयानी गुरुजुहरूबाट भद्रचरी र अन्य मंगल पाठ गर्नुहुँदै*

३. **दान प्रदान कार्यक्रम–**

यस साप्ताहिक कार्यक्रममा धम्मवती गुरूमांको सुस्वास्थ्य, दीर्घायु एवं मंगल कामना गर्नुभई पाठ गर्नुहुने सम्पूर्ण भन्ते गुरूमांहरू लगायत महायानी गुरूहरू र वज्रयानी गुरूजुहरूलाई धम्मवती गुरूमांले विशेष दान प्रदान गर्नु भएको थियो । यसरी नै धर्मकीर्ति विहारका अन्य गुरूमांहरू लगायत उपासकोपासिकाहरूले पनि उहाँहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गर्नुभएका थिए ।

यसरी नै महायानी गुरूहरूले पनि धर्मकीर्ति विहार का सम्पूर्ण गुरूमांहरूलाई खाडा प्रदान गरी दान प्रदान गर्नु भएको थियो ।

४. **बुद्ध पूजा–**

यस ८ दिने कार्यक्रम अवधि भर प्रत्येकदिन विहान बुद्धपूजा कार्यक्रम पनि सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा बुद्ध पूजा गर्नुहुने गुरूमां र भन्ते हरूको नाम क्रमशः यसरी रहेका छन्–

(१) शुभवती गुरूमां (२) वण्णवती गुरूमां (३) भिक्षु तपुस्स धम्म (४) भिक्षु शोभित (५) अमता गुरूमां (६) सुवण्णवती गुरूमां (७) क्षान्तीवती गुरुमां (८) अमता गुरूमां ।

**(५) ज्ञानमाला भजन प्रस्तुत–**

यस साप्ताहिक कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरी पुण्य सञ्चय गरेको थियो ।



*धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट भजन प्रस्तुत गर्दै*



Downloaded from http://www.dhamma.digital

## गुरूपूजा

२०७४ असार २५ गते ।

स्थान- धर्मकीर्ति विहार ।

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले गुरूपूजा कार्यक्रम संचालन गरी धर्मकीर्ति विहारका अध्यक्ष भिक्षुणी धम्मवती प्रमुख अन्य गुरूमांहरूलाई धर्मपूजा गरिएको थियो । सुमित्रा तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रममा गोष्ठीका सचिव लोचनतारा तुलाधरले स्वागत भाषण गर्नुभएको थियो। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष भिक्षुणी इन्दावतीले गोष्ठीको तर्फबाट धम्मवती गुरूमांलाई धर्मदान गर्नुभएपछि भिक्षुणी धम्मवतीले धर्मदेशना गर्नुहुँदै भन्नुभयो –

मूर्खहरूको लागि संसार रमणिय हुन्छ लामो हुन्छ। संसारिक दुःखबाट मुक्त हुन खोज्ने व्यक्तिहरूका लागि यो संसार रमणिय हुँदैन । यस संसार छोटो हुन्छ। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले बुद्ध शिक्षा अध्ययन गरेअनुसार आफ्नो आमा बुबाको गुण मात्र होइन गुरूहरूको गुणलाई पनि स्मरण गरी गुणको बदला तिरिरहेको यस कार्यले भगवान् बुद्धले यस संसारमा बुद्ध, धर्म, संघ, आमा-बुबा र गुरूको गुण नबिर्सनु भनी दिनु भएको अमूल्य शिक्षालाई पालन गरिरहेको भनी जनाउँछ। जसले यी ५ जनालाई बिर्सिने गर्छ, उनीहरूलाई पशुको दर्जामा राखिएको छ।"

अन्त्यमा उर्मीला ताम्राकारले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो ।

## संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरया ९१ बुदिं हना व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया प्रव्रज्या दिवस–

२०७४, असार ३ गते, शनिवार

धम्मानुशासक श्रद्धेय अश्वघोष महास्थविरया ९१ क्वःगु बुदिं व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया प्रव्रज्या दिवस ध्यानकुटी विहार भ्वँतय् तःजिक हन ।

अरूणसिद्धि तुलाधरं न्हयाकादीगु उगु ज्याभ्वः लय् गोष्ठीया सचिव लोचनतारा तुलाधरं लसकुस याना दिल। न्हापांगु पटकय वि.सं. २०३२, वि.सं. २०३३, सालं अल्पकालीन ऋषिनी प्रव्रज्या अलय् वि.सं. २०३५ सालं अल्पकालीन श्रामणेर प्रव्रज्या जूगु थाय् ध्यानकुटी विहारय् दँय दसं प्रव्रज्या दिवस हना वया च्वनागु अलय् आः अश्वघोष भन्ते ध्यानकुटीसं च्वना बिज्याः गुलिं भन्तेया बुदिं नं नापं हनेगु ज्याभ्वः न्ह्याका च्वनागु खँ वय्कलं लसकुस भ्वलय् कनादिल । राहुल भन्ते पाखें प्रव्रज्याया महत्व, बोधिसेन भन्ते पाखें उपदेश बिया बिज्याःगु उगु ज्याभ्वलय् थुगुसी गोष्ठीं न्यायकूगु प्रव्रज्या शिविरय् भाग काःपिं मस्तपाखें प्रव्रजित जीवनया अनुभव कविता आदि न्यंकेगु ज्या जुल । निहोना प्रधान, ऋद्धि तुलाधर, लिजला महर्जन, सिन्जी महर्जन, अभिशेक बज्राचार्य, सरगत शाक्य, प्रसन्ना शाक्यपिसं थःथःगु रचना न्यंका दिल । अथे हे पुलापिं पाखें रमा कंसाकार व सुरेश शाक्यं प्रव्रजित जुया बलय्या लुमन्ति कना दिल। श्रद्धाचारी गुरूमां पाखें "भी संघनायकज्यू" चिनाखँ न्यंका बिज्यात । अस्थायी प्रव्रजित जुया लेख अनुभव न्यंकादीपिन्त अश्वघोष भन्ते पाखें धर्मोपहार प्रदान याना बिज्यात । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उपाध्यक्ष इन्दावती गुरूमां पाखें बुदिंया लसताय् आयु आरोग्य व दीर्घायुया कामना यासें दान प्रदान याना बिज्यात । श्रद्धेय अश्वघोष भन्तेनं सकसितं आशीवर्चन व ओवाद बिया बिज्यात । संयोजक सुभद्रा स्थापित पाखें सुभाय् देछाना दिल ।

थुगु ज्याभ्वःयात गोष्ठीया सदस्य ध्रुव स्थापितं थःमांया पुण्य स्मृतिस भोजनया बच्छि आर्थिक भार बिया दीगु खः । गोष्ठीं थुगुसी मेत्ता बाल सेन्टरया झिंनिम्ह बालिकापिन्त आलु चिप्स छगु छगु पाकेट व कुसा छपाः छपाः प्रदान याःगु खः ।

## 'सफू ब्वज्याय् धर्मकीर्ति प्रकाशन सफू'

धर्मकीर्ति विहारया अध्यक्ष धम्मवती गुरूमांया उजं कथं २०७४ जेठ १९ गते शुक्रवार व जेठ २० शनिवार निन्हु यंकं नेपालभाषा एकेडेमिया ग्वसालय् जूगु नेवाः सफू ब्वज्याय् धर्मकीर्ति विहारं नं ब्वति काःगु खः। ब्वज्याय् धर्मकीर्तिया सफू तयेत झाया दीपिं रमा कंसाकार, मीनाशोभा शाक्य, राम कुमारी मानन्धरया कथं उगु ब्वज्याय् धम्मपद, बौद्ध ध्यान, जातक, मिलिन्द प्रश्न, लक्ष्मी आदि सफूत आपाः न्याना यंकूपिं दु ।

सफू ब्वज्याय् ब्वति कायेगुया उद्देश्य धेवा कमे जुइकेत मखु बरू बुद्ध शिक्षा आपाः थासय् थ्यनेमा धयागु उद्देश्य खः धयागु खँ धम्मवती गुरूमां नं धया बिज्यात ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ज्ञानमाला भजन गतिविधि

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*
*वि.सं. २०७४ असार २०–२७*

(१) **गुरु हना ज्याझ्वः**

पूज्य धम्मवती गुरूमांया ८४ दँ बुदिंया लसताय् धर्मकीर्ति विहारे भिक्षुमहासंघपाखें अभिधर्म पाठ, महायानी गुरूपिं व वज्रयानी गुरूजुपिनि पाखें शान्तिपाठ जूगु खः । ज्या उगु भ्वले च्यान्हुयंकं धर्मकीर्ति ज्ञानमाला भजनपाखें पूज्य धम्मवती गुरूमांया भिं उसाय् व ता आयूया कामना यासे गुरू पन्नाकाजी शाक्यया नेतृत्त्वय् भजन प्रस्तुत जूगु खः गुरूमामं भजन खलःयात खाडा क्वखाय्काः बिस्कुट नं बियाबिज्याःगु खः ।

गुरु पुन्ही कुन्हु गुरू हना ज्याभ्वले भजनया दांभरी बुद्धरत्न कसा, ल्यू छ्याञ्ये रामेश्वरी महर्जन, गुरु पन्नाकाजी, मानकृष्ण, शीव आदिपिसं धम्मवती गुरुमांयात गुरुपूजा यानादीगु खः ।

**गुरुहनेगु लागि चन्दा बियादीपिं चन्दा दातापिं :**

| | |
|---|---|
| चन्द्रदेवी | – रु. १५०५/- |
| जमःबहाः | – रु. १५००/- |
| हेरादेवी शाक्य क्वाःवहा | – रु. १०००/- |
| सानुमैंया प्रधान | – रु. १०००/- |

**रु. ५००/– तका बियादीपिं :**

श्यामान वज्राचार्य, बुद्ध रत्न कंसाकार, प्रतिमा मानन्धर, उर्मीला डंगोल ।

| | |
|---|---|
| नानीहेरा तुलाधर | – रु. ३००/- |
| चिनीमाया वज्राचार्य | – रु. २००/- |

**रु. १००/– तका बियादीपिं :**

दानकेशरी, राधिका, अष्टमाया, नानीहीरा, प्रेमलक्ष्मी, केशरी, अनीता, नगीना, शीला, रत्न, रीता, रत्नदेवी, बिमला, नियम लक्ष्मी, माणिक लक्ष्मी व नानी छोरी ।

गुरु हना ज्याभ्वले खर्च यानाः ल्यंदुगु रु. ९०५/– भजन कोषय् दाखिला याःगु जुल ।

(२) ने.सं. ११३७ दिल्लागा षष्टी कुन्हु धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया ग्वसालय् अष्टमाया महर्जनया संयोजकत्वय् ध्यानकुटी विहार वनेपाय् पूज्य धर्मानुशासक संघनायक अश्वघोष महास्थविर भन्तेयात दर्शन याय्गु व बुद्ध पूजा,धर्मदेशना लिसें धर्मकीर्ति भजन जूगु जुल ।

न्येम्ह सिनं ब्वति कागु उगू ज्याभ्वः धर्मकीर्ति ज्ञा.भ.पाखें दच्छी छक्व, पिने विहारे वना भगवान बुद्धया उपदेशयात कया संगीतया माध्यमं भजन हालाः बुद्ध धर्म प्रचार यायगु मू उद्देश्य खः ज्ञानमाला भजन ।

म्हतिं – रु. ६००/- तका कथं
कथं – रु. ३०,०००/- दां उठेजूगु खः ।

**खर्च :**

| | |
|---|---|
| भन्तेपिंत | – रु. १०००/- |
| खाना, जलपान | – रु. १९,०००/- |
| बस | – रु. १०,०००/- |
| विविध | – रु. ८००/- |

## भिक्षुणी धम्मवतीबाट धर्मकीर्ति संरक्षण कोषको लागि चन्दा सहयोग

धर्मकीर्ति संरक्षण कोषले बुद्ध धर्म प्रचार प्रसार कार्यमा निरन्तर सहयोग गर्दै आएको कार्यलाई साधुवाद व्यक्त गर्नुहुँदै कोषका अध्यक्ष भिक्षुणी धम्मवतीले यस कोषको उत्तरोत्तर प्रगति कामनाका साथ रू. ३,००,०००/- (तीनलाख रूपैयाँ) सहयोगार्थ चन्दा प्रदान गर्नुभएको छ ।

धर्मकीर्ति संरक्षण कोषका परिवारले भिक्षुणी धम्मवतीको यस सहयोगको लागि कृतज्ञता व्यक्त गर्दै वहाँको सुस्वास्थ्य एवं दीर्घायु कामना गरी साधुवाद व्यक्त गरेको छ ।

**धर्मकीर्ति संरक्षण कोष परिवार**



Downloaded from http://www.dhamma.digital

# चाइनिज कल्चरल सेन्टरका निर्देशकलाई स्वागत



*चाइनिज कल्चरल सेन्टरका निर्देशकज्यूलाई धर्मकीर्ति लोगो प्रदान गर्नुहुँदै भिक्षुणी धम्मवती*

*वि.सं. २०७४ श्रावण ११ गते, बुधबार*
*स्थान- धर्मकीर्ति विहार*

यसदिन धर्मकीर्ति संरक्षण कोषले एक कार्यक्रम आयोजना गरी चाइनिज कल्चरल सेन्टरका निर्देशकलाई स्वागत गरिएको थियो ।

भिक्षुणी इन्दावतीले चाइनिज भाषामा स्वागत गरिएको उक्त कार्यक्रम कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको थियो ।

कोषका कार्यकारिणी सदस्य नविन चित्रकारले प्रमुख अतिथिको परिचय प्रस्तुत गर्नु भएपछि प्रमुख अतिथिज्यूले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै यस स्वागतको लागि धर्मकीर्ति संरक्षण कोषप्रति कृतज्ञता ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा ओवाद दिनुहुँदै भिक्षुणी धम्मवतीले मन राम्रो भए मात्र हाम्रो जीवन पनि सफल हुने भएकोले हामी सबैले आ-आफ्नो चेतना राम्रो र निष्कपट, इमान्दार र निश्छल पार्न अभ्यास गर्नुपर्ने विषयमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवतीले प्रमुख अतिथिज्यूलाई धर्मकीर्ति लोगो प्रदान गर्नुभएको थियो भने प्रमुख अतिथिज्यूले पनि धम्मवती गुरुमांलाई उपहार चढाउनु भएको थियो ।

- **"मेरो बाँच्ने समय कमै छ , रोग र बृद्धावस्थाले मलाई जितीरहेको छ । शरीर बिनास हुनु अघि नै गर्नुपर्ने गरिहाल्नु पर्छ । समयलाई खेर फालेर प्रमादी हुनु भएन ।" - मित्रकाली थेरी**
- **"सबै सत्वहरू भन्दा उत्तम हुनुभएका बुद्ध-वीरलाई नमस्कार छ, जसले मलाई र अरु पनि बहुजनलाई दुःखबाट छुटकारा दिलाउनु भयो ।" - महा प्रजापति गौतमी थेरी**

**बुद्ध सम्वन्धी केही जानकारीहरू -**

★ प्रसेनजीतकी छोरी सुमना राजकुमारीले आफू जहाँ जन्मे पनि सुमना नाम नै रहोस् भनी प्रार्थना गरेर आएकी थिइन् ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार

# समाचार

## जम:बहालय् बुद्ध पूजा

प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर ।

ने.सं. ११३७ दिल्लाथ्व अष्टमी कुन्हु मैत्री बोधिसत्त्व विहार जम: बहालय् डा. अनोजा गुरूमां पाखें बुद्ध पूजा ज्याभ्वः न्ह्याकाः धर्मदेशना यानाबिज्यात । भाजु मानकृष्णया नेतृत्वय् मछीन्द्र भजन खल: पाखें भजन प्रस्तुत जुगू जुल । जलपानदाता जगतलक्ष्मी कंसाकार, माणीक रत्न कंसाकार, रीता कंसाकार पाखें भजनयात ग्वाहालिस्वरूप रकम प्रदान यानादीगु खः । लिसें धर्मकीर्ति भजनयात नं १५००।– दां बियादीगु खः ।

थ्व हे दिं स स्थवीर यज्ञमान पति मैत्री बोधिसत्त्व विहार परिवार व काठमाडौं डेण्टल होम ज्याथाया ग्वसालय् निशुल्क वा, म्हुतु सम्बन्धि व मधुमेह जूपिं व्यक्ति पिनिगु नितिं तुतिया जाँच याय्गु नं जूगु जुल । वासःयागु नं निशुल्क व्यवस्था दुगु खः ।

## न्यतय् परित्राण पाठ

प्रस्तुतिः सुमित्रा तुलाधर

ने.सं. ११३६ थिल्लाथ्व द्वादशी (२०७४।३।२१) गते मंगलवार न्यत तुलाधर त्वा: छेँ बुराँख्यलय् नेपाल भाषा साहित्य ख्यलय् नां जाःम्ह च्वमि महाकवि चित्तधर 'हृदय' या केँहे मोतिलक्ष्मी उपासिका तुलाधरया (१०८) सच्छि व च्यादँ बुद्धिंया लसताय् वय्कःया पुण्यस्मृति परित्राण पाठ यायेगु ज्या न्यत तुलाधर मिसा पुचःया ग्वसालय् जूगु खः । धर्मकीर्ति बिहारया वीर्यवती गुरूमां नं बुद्ध पूजा, परित्राण पाठ व धर्मदेशना याना बिज्यागु खः । उगु हे ज्याय् श्रद्धाचारी गुरूमांनं मोति लक्ष्मी उपासिकाया म्हसीका न्हयब्वया बिज्यास्य, वसपोल म्हं मफयाः अस्पतालया बेडय् च्वनाः च्वंगु अवस्थाय् तकं हे भाषा मिसातय्गु अधिकारया बिषये च्यूताः कया दिल धैगु खँ कना दिल ।

ज्याभ्वलय् समितिया पदाधिकारपिसं व मिसा पुचःया दुजः पिसं मोतिलक्ष्मी उपासिकाया किपाय् वय्कः लुमंकाः स्वाँ देछाय्गु ज्या नं जूगु खः ।

मिसा पुचःया दुजः मय्जु सुमित्रा तुलाधरं लसकुस यानाः मोति लक्ष्मी उपासिकाया जीवनी छत्वाचाः नं न्यंका दिइगु खः । नकिं मय्जु मीनु तुलाधरं सुभाय् बिया दिल । जलपानया ब्यवस्था न्यत तुलाधर समितिं याना दिइगु खः ।

## "युवाहरूको लागि बुद्ध शिक्षा"

प्रस्तुति- उर्मिला तुलाधर

जेष्ठ १३ गते शनिबारको दिन धर्मकीर्ति विहारमा दिउँसो १.०० बजे Buddism for Youth अर्थात युवाहरूको लागि बुद्ध शिक्षा क्रार्यक्रम संचालन गरिएको थियो । कार्यक्रम खास गरेर युवा वर्गहरूलाई Buddism बारे शिक्षा दिनु हो । हरेक महिनाको एकपटक शनिबार यो कार्यक्रम संचालन हुनेछ । बर्ष भरि नै संचालन गरिने यस कार्यक्रममा सहभागीहरूलाई हरेक महिनामा बुद्ध धर्म सम्बन्धी फरक फरक बिषय्मा, बिभिन्न, श्रद्धेय भन्तेहरू, बौद्ध बिद्वानहरूबाट ज्ञान दिइनेछ । शुरूमा पहिलो पल्ट आउने सहभागीहरूलाई दर्ता शुल्क बापत रू. १००।– लिइनेछ । सोहि सहभागीलाई दोस्रो पल्ट शुल्क लिइने छैन ।

तारा डंगोलबाट संचालित उक्त क्रार्यक्रम २ घण्टाको थियो । एक घण्टा धर्मदेशना एक घण्टा प्रश्न उत्तर । उक्त कार्यक्रम श्रद्धेय समित भन्तेबाट पंञ्चशील प्रदान गरी शुरू भएको थियो भने पूज्य धम्मवती गुरूमांबाट सहभागीहरूलाई मानिसहरूको अमूल्य रत्न भनेको नै प्रज्ञा हो, जसरी बिरूवामा पानी दियो भने फुल फुलेर राम्रो, सुन्दर हुन्छ, त्यस्तै प्रज्ञावान मानिस राम्रो, सुन्दर हुने ज्ञान दिनुभयो ।

समीत भन्तेले आनापाना सति ध्यान गराई सक्नु भएपछि कर्मको विषयमा व्याख्या गर्दै भन्नु भयो दुषित मनले गरेको कर्मको प्रतिफल नराम्रो हुन्छ । जसरी वय्ल गाडाको संगसंग गऱ्हौं पाङ्ग्रा आउने गर्छ, दुषित कर्मको फलपनि भारी र दुःखपूर्ण हुनेछ ।

अनित्य, दुःख अनात्म विषयमा व्याख्या गर्दै भन्तेले भन्नुभयो संसारमा कुनै चीज नित्य छैन, सँधैभरि रहने कुनै चीज छैन । त्यसलाई अनित्य भनिन्छ । नित्य नभए पछि मानिसहरूलाई दुःख हुन्छ । प्रवचनको सिलसिलामा भन्तेले महापालको नाम चक्षुपाल रहन गयो भनेर छोटो कथा भन्नु भयो । महापाल ध्यान गर्दै गर्दा आँखा अन्धो भएको, अन्धो भन्तेले चंक्रमण गर्दा किराहरू



Downloaded from http://www.dhamma.digital

कुल्चिएर मर्ने गरेको अरू भन्तेहरूले बुद्ध समक्ष यस विषयमा बुझ्न जाँदा बुद्धले चेतना भयो भने मात्र कर्म बन्छ, चेतना भएन भने कर्म बन्दैन भनी बुझाउनु भएको थियो ।

## भिक्षाटन कार्यक्रम सम्पन्न

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा मुनिविहार भक्तपुरका श्रद्धेय भिक्षु विपस्सी महास्थविर लगायत उहाँका शिष्य भिक्षु, श्रामणेर एवं प्रव्रजित गुरूमांहरू गरी जम्मा ७० जवान को सांघिक समूहले मध्यपूर थिमि न.पा. वडा नं ७. स्थित नगदेशका विभिन्न टोल टोलमा भिक्षाटन गरिएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त भिक्षाटन कार्यक्रम नगदेश बुद्ध विहारको धम्महलमा पुगी सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा सबै भन्ते गुरूमांहरूलाई उपासिका रामदेबी धजुले आफ्नो जन्मदिनको उपलक्ष्यमा जलपान भोजन प्रायोजन गर्नुभएको थियो । भिक्षु संघ बाट उपासिकाको आयु आरोग्य एवं सुस्वास्थ्य कामना गरी परित्राण पाठ गरिएको थियो ।

भिक्षाटनबाट प्राप्त नगद रू ७५४००।– र जिन्सि खाद्य चाल १७० पाठी मध्ये भिक्षु संघले नगद रकम बुझि लिएको र चामल नगदेश बुद्ध विहारलाई नै सहयोगार्थ अनुदान दिइएको कुरा पनि समाचारमा प्रष्टाइएको छ ।

## २६०६ औं धर्मचक्र प्रवर्तन दिवस

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २६०६ औं धर्मचक्र प्रवर्तन दिवस मनाइएको समाचार प्राप्त भएको छ ।

उपासक पूर्ण वहादुर कौशीबाट सश्रद्धा दान गरिएको ढलौटको बुद्ध मूर्तिलाई दाताको आवास देखि नगदेश बौद्ध विहारको धम्महलसम्म बाजा गाजाका साथ लावालस्करले परिक्रमा गरी ल्याइएको थियो । उक्त बुद्ध मूर्तिलाई नगदेश बौद्ध विहारको धम्महलमा विराजमान गराई बुद्ध पूजा गरिएको थियो ।

श्रद्धेय भिक्षु वरसम्वोधिले शील प्रार्थना गराउनु भई नगदेश बौद्ध समूहका कोषाध्यक्ष रत्न भक्त हाँयजुको अध्यक्षतामा २६०६ औं धर्मचक्र प्रव्रर्तन दिवस कार्यक्रम संचालन गरिएको थियो ।

भिक्षुणी केशावतीको प्रमुख अतिथित्त्वमा संचालित उक्त कार्यक्रममा बुद्ध मूर्तिका दाता उपासक पूर्ण वहादुर कौशी र उपासिका तुइलमाया उपासिका कौशीलाई पनि खाडा ओडाई सम्मान गरिएको थियो । उहाँलाई सम्मान स्वरूप कदर-पत्र र भगवान बुद्धको तस्विर पनि प्रदान गरिएको थियो ।

बौद्ध ल्यायम्ह पुचः नगदेशका अध्यक्ष शिव भक्त मेजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा धर्मचक्र पवर्तन दिवसको विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो- बखत बहादुर चित्रकार, डा. लक्ष्मण शाक्य, डा. अनुप श्रेष्ठाचार्य, विष्णु रत्न शाक्य,आदि ।

कार्यक्रमको अन्त्यमा सभाध्यक्षले आफ्नो मन्तव्य सहित सधन्यवाद व्यक्त गरी कार्यक्रम समापन गरिएको थियो ।

## झी संघनायक ज्यू

✍ **श्रद्धाचारी गुरूमां,** धर्मकीर्ति विहार

*धर्मया सागर दुने*
*मा मां लुइका छःपिन्त*
*बुद्ध सम्बत २५६१ दुने*
*भिक्षु अश्वघोष धकाः*
*९१ दं या बैशय् नं*
*मुसु मुसु काःगु*
*ख्वाः बिल छपिंसं जिमित*
*प्वाः स्याः मो स्याः*
*छुं मधाःसां*
*तुति स्याः जि*
*धै बिज्यात ।*
*अथे नं छलपोलया*
*धैर्य बलयात*
*आदर गौरवं*
*हनाच्वना जिमिसं*
*असल शिक्षा भाग १३*
*ब्वने दयाः हानं*
*याना च्वना वन्दना*
*झी संघनाय्क ज्यू यात ।*



Downloaded from http://www.dhamma.digital

# भारतीय राजदूतलाई स्वागत



*भिक्षुणी धम्मवतीले भारतीय राजदूत मञ्जित सिंह पुरीलाई धर्मकीर्ति लोगो प्रदान गर्नुहुँदै*

*वि.सं. २०७४ श्रावण १६ गते, सोमबार*
*स्थान- धर्मकीर्ति विहार*

यसदिन नेपालका लागि भारतीय राजदूत मञ्जित सिंह पुरीलाई धर्मकीर्ति संरक्षण कोषबाट स्वागत गरिएको थियो ।

धर्मकीर्ति संरक्षण कोषका कार्यकारिणी सदस्य मीना तुलाधरले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रम सचिव प्रफुल्ल कमल ताम्राकारले सञ्चालन गर्नुभएको थियो । कोषका कार्यकारिणी सदस्य नविन चित्रकारले राजदूतज्यूको संक्षिप्त परिचय प्रस्तुत गर्नुभएपछि २५ वडाका वडा अध्यक्ष नीलकाजी शाक्यले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सो पश्चात् आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै राजदूत सिंहले नेपाल र भारतले आ-आफ्नो सुमधुर सम्वन्ध कायम राख्ने क्रममा एकले अर्कोलाई परस्पर सहयोग गरिरहने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमको अन्त्यमा कोषका कोषाध्यक्ष अजय रत्न स्थापितले धन्यवाद ज्ञापन गर्नुभएपछि कोषका अध्यक्ष भिक्षुणी धम्मवतीले ओवाद दिनहुने क्रममा हालका राजदूतको कार्यकालमा भारत र नेपाल बिचको सुमधुर सम्बन्ध अझ सुदृढ बन्ने आशा व्यक्त गर्नुभयो भने तत्कालिन राजदूत रञ्जित रेले थालेर जानुभएका पूरा हुन बाँकी कार्यहरू हालको राजदूतको कार्यकालमा पूरा हुने आशा पनि व्यक्त गर्नुभएको थियो ।

सो पश्चात् भिक्षुणी धम्मवतीले प्रमुख अतिथि राजदूत सिंहलाई धर्मकीर्ति लोगो प्रदान गर्नुभएको थियो ।

Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



# दि. पूर्ण माया मानन्धर

*( बुन्हि : १९८६ चैत्र ५ गते – मदुगुन्हि : २०७४ श्रावण ९ गते )*


बनेपा ध्यानकुटी विहारया (हाल संघनायक भन्ते च्वना विज्याना च्वंगु)
आवासया जग्गा दाता **दि. पूर्ण माया मानन्धर**
८८ दँया उमेरय् वंगु २०७४ श्रावण ९ गते नश्वरगु देह तोताः परलोक जुयादिल ।
वसपोलया परलोक जीवन सुगतिमय जुयेमा नापं
संसार दुःखं तरेजुयाः, निर्वाण सुख प्राप्त याना कायेफयेमा धकाः
आशिका यानाच्वना ।

**ध्यानकुटी विहार परिवार**
**मैत्रीकेन्द्र (मेत्ता सेन्टर) परिवार, बनेपा**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY



साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

‘पानी भन्दा रगत मूल्यवान् छ’ भनी धर्मदेशना गर्नुहुँदै भगवान् बुद्ध

वर्ष–३५; अङ्क–४ बु.सं. २५६१, गुंपुन्हि

Downloaded from http://www.dhamma.digital

<u>*आवरण चित्र परिचय*</u>

# शाक्य र कोलिय

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**

*अनुवाद*- **वीर्यवती**

बुद्धकालिन समय । एकदिन यस्तो स्थिति श्रृजना भयो। जेठ महिनाको समय थियो। रोहणी नदीको पानीको धार कमजोर भइरहेको थियो । नदीको दाँया र बाँया तर्फका खेतहरू चर्को घामको रापले सुख्खा भइसकेको थियो। यस्तो अवस्थामा खेतमा पानी लगाउन पाएन भने बाली बिग्रिने अवश्यम्भावी थियो । नदीमा बाँधिएको बाँधमा पानीको मात्रा धेरै कम थियो । त्यसैले त्यस बाँधको पानीले एकातर्फको खेतमा मात्र सिंचाई गर्न सकिने देखियो । नदीको एकातर्फको खेत शाक्य देशको थियो भने अर्को तर्फको खेत कोलिय देशको थियो। एका तर्फको खेतमा सिंचाई गरियो भने अर्को तर्फको खेत त बाँझो नै रहने भयो ।

त्यसैले अर्को तर्फको खेती बिग्रिने भयो । बाँधमा जम्मा भएको पानीले दुबैतर्फको खेतमा सिंचाई गरियो भने दुबैतर्फको खेतमा पानी नपुगी दुबै बाली बिग्रिने भयो । एकातर्फ मात्र सिंचाई गरेको खण्डमा मात्र उक्त खेतको बाली सप्रिने भयो । तर अर्को बाली विग्रिने भयो । यही समस्या समाधान गर्ने विषयमा दुबै देशका कामदारहरू बसी एक आपसमा सल्लाह गर्न थाले। यस सल्लाह गर्ने सिलसिलामा दुबै देशका कामदारहरूले आ-आफ्नो खेतको वाली बचाउन आग्रह गरे। दुवै तर्फको बाली बचाउन असम्भव भएपछि एकातर्फको खेतमा मात्र पानी पठाई खेती गर्ने निर्णय गरियो । सो निर्णयानुसार पानी पठाई खेती गरिएको बालीमा उत्पादित फसलको "आधा भाग" पानी पठाउन नपाई खेती गर्न नपाएको देशका मानिसले माग्न जाने भन्ने निर्णय पनि गरियो । तर बालीको फसल माग्न जाने कसले ? माग्न जाने काम कसैलाई मन परेन। किनभने दुबै देशका जनता अत्यन्त स्वाभिमानी थिए ।

त्यसैले दुबै देशका कामदारहरू बिच विबाद चर्कियो । हुँदा हुँदा दुबै तर्फका ती मजदूरहरूको बिच गाली गलौज सुरू हुन थाल्यो । हल्ला खल्ला मच्चियो । हुँदा हुँदा हाथापाईको अवस्था पनि आउन थाल्यो। विस्तारै कलहको घेरा लम्बियो र एक देशका मजदूरले अर्को देशको मालिकहरूलाई गाली निन्दा गर्न थाल्यो । एक देशका कामदारले अर्को देशको राजकुमारहरू र राजकुमारका पूर्वजहरू समेतलाई निन्दा गर्दै आलोचना गर्न थाले । अशोभनिय र अभद्र शब्द प्रयोग गर्दै मनपरि गाली गर्न थाले । ती मध्ये कुनै कृषकहरूले आ-आफ्ना मालिक समक्ष पुगी यो झगडा युक्त समस्या विषयमा छलफल गर्न थाले । दुबैतर्फका मालिकहरूले आ-आफ्ना पूर्वजहरूलाई अन्य देशका मानिसहरूले मनपरि गालि गर्दै अपमान गरेको सहन नसकी कलह झन चर्किन थाल्यो। फलस्वरूप झगडा मामला अधिकारी अमात्य समक्ष पुग्यो र त्यहाँबाट पनि अझ उग्र रूप लिई उपराजा हुँदै राजा सम्म पनि पुग्यो। दुबै देशका नवयुवक राजकुमारहरूले आ-आफ्ना पूर्वजहरूलाई अरूले मनपरि गाली गरेको सहन सकेनन् । उनीहरूले आफ्ना पूर्वजहरूलाई गाली गर्ने अन्य देशका जनताहरूलाई बदला लिने निर्णय गरे ।

यसरी उनीहरू जोशमा होश गुमाउँदै तलवार र भाला लिई दुबै देशका योद्धाहरू रोहिणी नदीको दाँया बाँया किनारमा जम्मा भए। एकले अर्का पक्षलाई लडाइँको चुनौति दिन थाले। यस विकत पारिस्थितीले रक्तपातको भयावह संकट उपस्थित गरिदियो ।

यो खवर भगवान बुद्धले पनि थाहा पाउनु भयो। त्यसैले उहाँ स्वयं उक्त स्थानमा पुग्नुभयो । आफ्नो परिवारका पुज्य महापुरूष (भगवान् बुद्ध) लाई देख्ने वित्तिकै दुबै पक्षका योद्धाहरू असमञ्जसमा पर्न थाले। फलस्वरूप आ-आफ्ना हतियार विस्तारै जमीनमा राखी दुबै तर्फका योद्धाहरूले उहाँलाई नमस्कार गर्न थाले। यो त्यसबेलाको प्रचलित प्रथा थियो।

भगवान् बुद्धले उनीहरूलाई धर्मोपदेश दिनुहुँदै हिंसाको दुर्गुण र अहिंसाको सद्‌गुण बताउनु भयो। उहाँले यस सिलसिलामा भन्नुभयो—

"नदीको पानीको तुलनामा शाक्य र कोलिय युवकहरूको रगत धेरै मूल्यवान छ। कुनैपनि मानिसको रगत धेरै मूल्यवान् छ। त्यस मूल्यवान् रगतलाई वेकार मा नबगाऊ । भगवान् बुद्धको अमूल्य ज्ञान सुनी दुवै पक्षका योद्धाहरूको शीर झुक्न थाल्यो । युद्ध टलियो । रक्तपात हुन पाएन ।

Downloaded from http://www.dhamma.digital